# लेखापरीक्षण प्रतिवेदन

## राजपुर गाउँपालिका, दाङ

आर्थिक वर्ष २०८१/८२



**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## राजपुर गाउँपालिका, दाङ

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
## (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
## (MISSION)

**स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता
## (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/215

श्रीमान् अध्यक्षज्यू,
राजपुर गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, दाङ ।

**विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

( राम प्रकाश महतो )
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/215

श्रीमान् अध्यक्षज्यू,
राजपुर गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, दाङ।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

## १. कैफियत सहितको राय

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

## २.कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस गाउँपालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारीको कारोबार समावेश गरेको छैन।

२.२. गाउँपालिकाको आय र व्ययतर्फ रु.१ अर्ब १३ करोड ९२ लाख ४३ हजारको लेखापरीक्षणबाट रु.६ करोड ५८ लाख २२ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट सम्परीक्षण नभई असुल गर्नुपर्ने रु.१२ लाख १ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२ करोड ९४ लाख ९ हजार, नियमित गर्नुपर्ने रु.२करोड ८१ लाख ४६ हजार र पेश्की बाँकी रु.७० लाख ६६ हजार गरी जम्मा रु.६ करोड ५८ लाख २२ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजु रु.३६ करोड ८१ लाख ८५ हजारमध्ये यस वर्ष रु.२ करोड ७३ लाख ८१ हजार सम्परीक्षण भई यस वर्षको थप समेत **हालसम्म अद्यावधिक बेरुजु रु.४० करोड ६६ लाख २६ हजार** बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३.आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**३. अन्य बेहोरा -** लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमासुधार गर्नुपर्ने देखिन्छ।

## ४.वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। **गाउँकार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत राजपुर गाउँपालिकाको** वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## ५.वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा

सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

( राम प्रकाश महतो )
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट सम्परीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५२ | ४२ | ६,५८,२२,४५८ | ० | ० | ० | ० | ५२ | ४२ | ६,५८,२२,४५८ | १२,०१,२४९ | २,८१,४६,४०५ | २,९४,०८,९६८ | ० | ० | ५,७५,५५,३७३ | ७०,६५,८३६ |

### अद्यावधिक बेरुजु स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष सम्परीक्षण | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| दाङ | ३६,८१,८५,३७६ | ० | २,७३,८०,८३५ | ३४,०८,०४,५४१ | ० | ६,५८,२२,४५८ | ४०,६६,२६,९९९ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| **गत विगत वर्षको सम्परीक्षण** | | | | |
| १ | २०७७/७८ | ५७ | प्रदेश सम्पुरक कार्यक्रमः | ३१,९६,७९६ |
| २ | २०७७/७८ | ६४.४ | प्रकोप व्यवस्थापन कोष | ५२,३१९ |
| ३ | २०७७/७८ | १९ | कर रकम | ९,४६,२२१ |
| ४ | २०७६/७७ | १.४ | फिर्ता दाखिला प्रमाण | ६,१०,४८९ |
| ५ | २०७५/७६ | ३७ | फिर्ता दाखिला प्रमाण | २,२५,७५,०१० |
| **जम्मा** | | | | **२,७३,८०,८३५** |

# राजपुर गाउँपालिका, दाङ

# ( ८०५५६५०५३०० )

# राजपुर गाउँपालिका , दाङ

# परिचय

१ **(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वय प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा ७ वडा रहेको छ भने क्षेत्रफल ५७७.३३ वर्ग किलोमिटर तथा २८३४६ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो। यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ। स्थलगत लेखापरीक्षणको अवधि २०८२।७।२२ देखि २०८२।७।२४ सम्म रहेको छ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका बेहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका बेहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका बेहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आयव्यय जम्मा रु.१ अर्व १३ करोड ९२ लाख ४३ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.९०,७००।- असुल भई दाखिला प्रमाण पेश भएको छ।

| सि.नं | विवरण | रकम रु. |
| --- | --- | --- |
| १ | आमा सुरक्षा कार्यक्रम खर्च नभई बाँकी फिर्ता | ५३३०० |
| २ | छात्रवृत्तिको बढी निकासा फिर्ता | ६८०० |
| ३ | डिजेल दोहोरो भुक्तानी फिर्ता | ३०६०० |

## २ एकीकृत वित्तीय विवरण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ (१) मा स्थानीय तहले आफ्नो कार्यक्षेत्रभित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ। पालिकाको आर्थिक वर्ष २०८१।८२ को आय/व्यय हिसाबको आर्थिक कारोबारको एकीकृत विवरण निम्न अनुसार रहेको छः-

| सि.नं. | प्राप्ति | | | सिनं. | भुक्तानी | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | शुरु मौज्दात | | १४८५८०५९९.१५ | १ | चालुखर्च | | ३२१४६००३९.३८ |
| १.१ | सञ्चित कोष | १२९६७८१८६.२८ | | १.१ | पालिकातर्फ | १९१६२३५३३.३८ | |
| १.२ | धरौटी | ९२६०१४७.४ | | १.२ | संघीय सशर्त | १२९८३६५०६ | |
| १.३ | कार्य सञ्चालन कोष | ११३७९०.९८ | | २ | पुँजीगतखर्च | | १४९२६४९२६ |
| १.४ | अन्य कोष | ८९१६०१८.५२ | | २.१ | पालिकातर्फ | १०२९२८१८३ | |
| १.५ | बिभाज्य कोष | ६११२५५.९७ | | २.२ | संघीय सशर्त | २९५५९४५० | |
| १.६ | नगद मौज्दात | १२०० | | २.३ | संघीय विशेष | ६०६७७९४ | |
| २ | यस वर्षको आयः | | | २.४ | संघीय समपूरक | १६५४२११ | |
| २.१ | आन्तरिक आ | ६९८८७२४.७२ | ६९८८७२४.७२ | २.५ | प्रदेश सशर्त | ५७७०२१६ | |
| २.२ | आन्तरिक राजस्व बाँडफाँट | ७११९२२२.८ | ७११९२२२.८ | | | | |
| ३ | वित्तीय हस्तान्तरण (संघ) | | ३९३२७९५५७.८६ | २.६ | प्रदेश समपूरक | ३२८५०७२ | |
| ३.१ | समानीकरण अनुदान | ८७५३९०४० | | ३ | अन्तरसरकारी अख्तियारी (संघ) | | ८६३९१५५२ |
| ३.२ | राजस्व बाँडफाँट | १०८३४६८२०.९ | | ३.१ | सामाजिक सुरक्षा | ८६३९१५५२ | |
| ३.३ | सशर्त अनुदान | १८८३५७००० | | ४ | धरौटी फिर्ता | २९८५३८७ | २९८५३८७ |
| ३.४ | समपूरक अनुदान | २९४३९०६ | | ५ | कार्यसञ्चालन कोषबाट भएको खर्च | ११६६७ | ११६६७ |
| ३.५ | विशेष अनुदान | ६०९२७९१ | | ६ | अन्यकोषबाट भएको खर्च | | ४२२७३६० |
| ४ | वित्तीय हस्तान्तरण (प्रदेश) | | ३१७६९४७०.५९ | ६.१ | कर्मचारी कल्याण कोष | ३०२४३६० | |
| ४.१ | समानीकरण अनुदान | ६३९५००० | | ६.२ | विपद् व्यवस्थापन कोष | १२०३००० | |
| ४.२ | राजस्व बाँडफाँट | १५७६७९४४.५९ | | ७ | विभाज्यकोष | ७७०४२८८.४७ | ७७०४२८८.४७ |
| ४.३ | सशर्त अनुदान | ६३२१४५३ | | ८ | अनुदान फिर्ता | | |
| ४.४ | समपूरक अनुदान | ३२२८५०७३ | | ८.१ | संघतर्फ | | ३०२८५६८६ |
| ५ | अन्तरसरकारी अख्तियारी (संघ) | | ८६३९१५५२ | | क.सशर्त अनुदान | २८९७०९९४ | |
| ५.१ | सामाजिक सुरक्षा | ८६३९१५५२ | | | ख.विशेष अनुदान | २४९९७ | |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | धरौटी आय | २८२०२५०.५५ | २८२०२५०.५५ | | ग.समपूरक अनुदान | १२८९६९५ | |
| ७ | बिभाज्य कोष | ७०९३०३२.५ | ७०९३०३२.५ | ८.२ | प्रदेशतर्फ | | ५५१२३८ |
| ८ | कार्य सञ्चालन कोष आय | | ८८२१८८ | | क.सशर्त अनुदान | ५५१२३७ | |
| ८.१ | पिएलजिएसपी | ४३६५०० | | | ख.समपूरक अनुदान | १ | |
| ८.२ | सडकबोर्ड | ४४५६८८ | | ९ | अन्तिम मौज्दात | | ८२०५९६६०.३२ |
| ९ | दाखिला बाँकी | १७२०६ | १७२०६ | ९.१ | संचितकोष | ६७२७४४७२.८७ | |
| | | | | ९.२ | धरौटी | ९०९५०१०.९५ | |
| | | | | ९.३ | कर्मचारी कल्याण कोष | ५३५१५७.८ | |
| | | | | ९.४ | प्रकोप व्यवस्थापन कोष | ४१५३५००.७२ | |
| | | | | ९.५ | विविध खर्च खाता | ९८४३११.९८ | |
| | | | | ९.६ | चालुखर्च खाता जोर वर्ष | १७२०६ | |
| | जम्मा | ६८४९४१८०४.१७ | ६८४९४१८०४.१७ | | जम्मा | ६८४९४१८०४.१७ | ६८४९४१८०४.१७ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तीय विवरणको परीक्षण**

३.१ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन तयार गर्नुपर्दछ। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.८,६३,९१,५५२। प्रतिवेदनमा समावेश गरेको छैन। पालिकामा हुने सबै आर्थिक कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ३.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ।)**

३.२ **बैङ्क हिसाब विवरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) मा स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नुपर्ने उल्लेख छ। साथै खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ। पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

| संकेत | खाताको प्रकार | स्रेस्ता अनुसार बाँकी रु. | बैंक अनुसार बाँकी रु. | फरक रु. |
|---|---|---|---|---|
| ग १.१ | आन्तरिक राजस्व खाता | ० | १७७०० | १७७०० |
| ग १.२ | बाँडफाँटबाट प्राप्त राजस्व खाता | ० | ० | ० |
| ग १.३ | आन्तरिक अनुदान खाता | ० | ० | ० |
| ग २.२ | चालू खर्च खाता- जोर वर्ष | १७२०६ | ९९०९० | ८१८८४ |
| ८ग २.४ | पुँजीगत खर्च खाता – जोर वर्ष | ० | ९५२९९९ | ९५२९९९ |
| ग २.७ | विविध खर्च खाता | ९८४३११.९८ | ९८४३११.९८ | ० |
| ग ३.१ | स्थानीय तह धरौटी खाता | ९०९५०१०.९५ | ९०९५०१०.९५ | ० |
| ग ४.१ | स्थानीय तह सञ्चित कोष खाता | ६७२७४४७२.८७ | ६७२७४४७२.८७ | ० |
| ग ५.१ | स्थानीय तह विविध कोष खाता | ५३५१५७.८० | ५३५१५७.८० | ० |
| ग६.१ | स्थानीय तह विभाज्य कोष खाता | ० | ० | ० |
| ग ७.२ | स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ४१५३५००.७२ | ४१५३५००.७२ | ० |
| जम्मा | | ८२०५९६६०.३२ | ८३११२२४३.३२ | १०५२५८३ |

पालिकाले म.ले.फा.नं.२१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गरी बैंक बढी रकम आम्दानी बाँध्नुपर्दछ।

३.३ **सञ्चित कोषमा जम्मा (ट्रान्सफर)** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु.९९,०९०, पुँजीगत खातामा रु. ९,५२,९९९ र आन्तरिक राजस्व खातामा रु.१७७०० समेत रु.१०,६९,७८९ मौज्दात रहेको पाइयो। तोकिएको समयमा सो रकम सञ्चित कोषमा जम्मा (ट्रान्सफर) गरी हिसाब मिलान गर्नुपर्दछ।

३.४ **कर दायित्व** – पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं.२७०) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु.१७२०६ देखाएको छ। यकिन भइसकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन। अत: उक्त रकम सम्बन्धीत खातामा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १७,२०६ |

३.५ **कार्य सञ्चालन तथा अन्य कोष** - नेपाल सरकारले कुनै आयोजना वा कार्यक्रम सञ्चालन गर्दा विनियोजन बजेट भित्रबाट गर्ने, विभिन्न कोषमा रकम मौज्दात राख्ने, उक्त कोषबाट खर्च गर्ने पद्धत्तिमा नियन्त्रण गर्ने बेहोरा उल्लेख गरेपनि पालिकाले यस वर्ष कर्मचारी कल्याण कोष, प्रकोष व्यवस्थापन कोष र विविध खर्च जस्ता कोषमा गत वर्षबाट रु. ९०२९८०९.५० जिम्मेवारी सारेको रु. ८८२१८८ सहित रु.९९११९९७.५० आय र रु.४२३९०२७ खर्च गरी रु. ५६७२९७०.५० मौज्दात देखाएको छ। यसरी कोषमा रकम राखेर खर्च गरी खर्चमा दोहोरा पना आउने, खर्चमा मितव्ययिता कायम नहुने हुँदा अत्यावश्यक बाहेकमा यसरी कोषमा रकम राख्ने, ट्रान्सफर गरेर खर्च गर्ने पद्धतिमा नियन्त्रण गर्नुपर्दछ।

| क्र.सं | कोषको नाम | शुरु मौज्दात | यो वर्षको थप | यो वर्षको खर्च | बाँकी मौज्दात |
|---|---|---|---|---|---|
| १ | कर्मचारी कल्याण कोष | ३५५९५१७.८० | ० | ३०२४३६० | ५३५१५७.८० |
| २ | प्रकोप व्यवस्थापन कोष | ५३५६५००.७२ | ० | १२०३००० | ४१५३५००.७२ |
| ३ | विविध खर्च खाता | ११३७९०.९८ | ८८२१८८ | ११६६७ | ९८४३११.९८ |
|  | जम्मा | ९०२९८०९.५० | ८८२१८८ | ४२३९०२७ | ५६७२९७०.५० |

## ४ बजेट तथा कार्यक्रम

४.१ **आवधिक योजना** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागु गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन। आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ। स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ।

४.२ **बजेट सीमा निर्धारण समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फागुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले वैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन। ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

४.३ **योजना प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागु गर्नुपर्ने व्यवस्था छ। स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिबी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नअनुसार ७ वडाको लागि वडागत र पालिकास्तरका कुल २६५ योजनामध्ये १०६ अर्थात ४० प्रतिशत योजना रु.५ लाख मुनिका रहेका छन्।

| क्र.स. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाखसम्मका योजना सङ्ख्या | रु.५ लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | पालिका स्तरीय | ११३ | २४ | ५४ | ३५ |
| २ | वडा स्तरीय | १५२ | १ | ८० | ७१ |
| ३ | जम्मा | २६५ | २५ | १३४ | १०६ |

उपर्युक्त विवरण अनुसार पालिकाले साना योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनाबाट प्रतिफल प्राप्त नहुनाका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ। पालिकाले प्रतिफलमुखि र रोजगारी सृजना गर्ने खालका ठूला योजनाहरु पनि कार्यान्वियन गर्नुपर्दछ।

४.४ **रकमान्तर** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७९ मा स्वीकृत वार्षिक बजेटको अधीनमा रही कुनै शीर्षकबाट पुँजीगत शीर्षकमा २५ प्रतिशत नबढाई रकमान्तर गर्न सकिने व्यवस्था छ। पालिकाले ४९५ योजना तथा कार्यक्रमका लागि सभाबाट २०८२।३।३१ मा रु.६८ करोड ६ लाख ४ हजारको बजेट पारित गरी २०८१।४।४ मा प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिएको छ। तर उक्त योजना तथा कार्यक्रमहरु कार्यान्वयन हुन नसक्नुको कारण उल्लेख नगरी हिउँदे अधिवेशनबाट २३ योजना तथा कार्यक्रममा रु.२ करोड १४ लाख १२ हजार घट गरी नयाँ १०२ योजना तथा कार्यक्रममा रु.६ करोड ९१ लाख ८० हजार रकमान्तर गरेको छ। उक्त रकम सुरू बजेटको तुलनामा १०.१६ प्रतिशत रहेको छ। साथै रकमान्तर गरेको रकम मध्ये निम्नानुसार ८ योजनामा रु.२४ लाख ६१ हजार खर्च गरेको देखिएन। रकमान्तर गरी खर्च गर्ने परिपाटीमा सुधार हुनुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ४.४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४.५ **त्रैमासिक पुँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा स्वीकृत भएको बजेट तथा कार्यक्रम अनुसूची -२ बमोजिम त्रैमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र त्रैमासिक लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ।
(रु.हजारमा)

| बजेट उपशीर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेस्रो | चौथो | |
| पुँजीगत खर्च | १४९२६४ | ३८४७ | ३६८५ | ३०१८० | १११५५२ | ७९२८५ |
| खर्च प्रतिशत | १०० | २.५८ | २.४७ | २०.२२ | ७४.७३ | ५३.११ |

पालिकाको पुँजीगत तर्फ रु.१४ करोड ९२ लाख ६४ हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा रु.३८ लाख ४७ हजार(२.५८ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.३६लाख ८५ हजार (२.४७ प्रतिशत) , तेस्रो त्रैमासिकमा रु.३ करोड १लाख ८० हजार (२०.२२ प्रतिशत) र चौथो त्रैमासिकमा रु.११ करोड १५लाख ५२ हजार (७४.७३ प्रतिशत) खर्च गरेको देखिएको छ। यसरी नै आषाढ महिनामा मात्र रु.७ करोड ९२ लाख ८५ हजार (५३.११ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित रुपले खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्न सक्ने हुँदा नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

४.६ **क्षेत्रगत बजेट र खर्चको स्थिति** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।
(रु.हजारमा)

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत कूल खर्चको तुलनामा |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ७८६६३ | ५२७६० | ११.२४ |
| २ | सामाजिक विकास | २४२५३३ | १८२७७२ | ३८.९६ |
| ३ | पूर्वाधार विकास | १९८२७३ | ११७१५८ | २४.९८ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १६९११ | ९५५९ | २.०४ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १३२२२४ | १०६८२१ | २२.७८ |
| | **जम्मा** | **६६८६०४** | **४६९०७०** | १०० |

पालिकाले कुल बजेट विनियोजनको तुलनामा ७०.१५ प्रतिशत खर्च गरेको छ। त्यस्तै सभाले विनियोजन गरेको बजेट मध्ये कुल खर्चको तुलनामा सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ३८.९६ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबैभन्दा घटी

२.०४ प्रतिशत खर्च गरेको छ। पालिकाले क्षेत्रगत रुपमा सन्तुलन कायम गरी बजेट विनियोजन एवमं खर्चको व्यवस्थापन गर्नुपर्दछ।

४.७ **बजेट अवण्डा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१(२) मा बजेट पेश तथा पारित गर्ने विषयमा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण माथि छलफल गरी पारित हुने बजेटमा अवण्डा राख्न मिल्ने देखिँदैन। यस पालिकाले यो वर्ष रु.१ करोड ६५ लाख अबण्डा बजेट व्यवस्था गरी विभिन्न योजनामा खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ। जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन। तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ।अवण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वियन गरेका केही योजनाका उदाहारण देहाय अनुसार छन् :

| क्र.सं. | बजेट शीर्षक | विनियोजित रकम रु. |
|---|---|---|
| १ | मर्मत संभार | ३५००००० |
| २ | विपद व्यवस्थापन | ५०००००० |
| ३ | सुकुम्बासी तथा अव्यवस्थित बसोबासी समाधान कार्यसञ्चालन | ४०००००० |
| ४ | विभिन्न खोलाघाटहरुको IEE | २०००००० |
| ५ | आर्थिक सहायता | १०००००० |
| ६ | भाषा तथा संस्कृती संरक्षण | १०००००० |
| जम्मा | | १६५००००० |

## ५ खर्च विश्लेषण

पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु. ६९ लाख ८८ हजार , राजस्व बाँडफाँट र अनुदानबाट रु. ४० करोड १३ लाख ४९ हजार समेत रू. ४० करोड ८३ लाख ३७ हजार आम्दानी भएकोमा चालु तर्फ रु.३२ करोड १४ लाख ६० हजार , पुँजीगत तर्फ रु. १४ करोड ९२ लाख ६४ हजार समेत रु.४७ करोड ७ लाख २४ हजार खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा १.४८ प्रतिशत रहेको छ। यसवर्ष पदाधिकारी सुविधामा रु.७६ लाख ९६ हजार खर्च भएको छ जुन आन्तरिक आयको ११०.१३ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ६८.३० प्रतिशत चालु र ३१.७० प्रतिशत पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्यून खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको दखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गर्नुपर्दछ।

## ६ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। पालिकाले त्यस्तो प्रणाली गरे पनि लागु गरेको पाइएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन। यस सम्बन्धमा देखिएका केही बेहोराहरु देहायबमोजिम रहेका छन् :

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन।

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिम मध्यमकालीन खर्चको संरचना तयार गरेको छैन।

• सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ मा सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ। पालिकाले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गरेको छैन।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाइएन।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता राखेको पाइएन।

• पालिकाले कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्बन्धमा कुनै मापदण्ड बनाएको छैन साथै अभिलेख समेत राखेको पाइएन।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको पाइएन।

• पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन।

• पालिकाले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वियन र अभिलेख नराखेको,

• पालिकाले कृषि तथा पशुसँग सम्बन्धीत सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो।

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएअनुसार विभिन्न मालसमान मर्मत तथा लिलाम गर्नु पर्नेमा सो गरेको पाइएन।

• लुम्बिनी प्रदेश स्थानीय निजामती सेवा ऐन,२०८१ बमोजिम कर्मचारीको कार्य विवरण बनाई लागु गरेको पाइएन।

• पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।

• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वसनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

७ **आन्तरिक लेखापरीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७(२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन। तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनेतर्फ ध्यान दिनुपर्दछ।

८ **पाम्सको प्रयोग**

महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरुलाई २०७६।७७ सम्मको मौज्दात प्रविष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा PAMS मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा PAMS मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ। पालिकाले खरिद गरेको मालसामान PAMS प्रणालीमा प्रबिष्ट गर्ने गरेतापनि वडा कार्यालयबाट खरिद भएका मालसामानहरु PAMS दाखिला गरेको देखिएन।ऐन नियमावलीमा व्यवस्था भए बमोजिम PAMS प्रणालीमा लागु गर्नुपर्दछ।

९ **संगठन तथा कर्मचारी व्यवस्थापन**

९.१ **तलवी प्रतिवेदन** - लुम्बिनी प्रदेशले जारी गरेको स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा ७०(४) मा प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्नु हुँदैन भन्ने उल्लेख छ। पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई स्वास्थ्य तर्फ २२ कर्मचारीको रु.१ करोड ३५ लाख ३३ हजार र पालिकातर्फ २४ जना कर्मचारीको रु.१ करोड ६० लाख २६ हजार गरी रु.२ करोड ९५ लाख ५९ हजार खर्च लेखेको छ। तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

९.२ **दरबन्दी तथा पदपूर्ति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ९६ दरबन्दी

स्वीकृत रहेकोमा प्रमुख प्रशाकीय अधिकृत सहित ४५ जना पदपूर्ती भएको देखिन्छ। पालिकाले उपलब्ध गराएको विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका आन्तरिक लेखापरीक्षक, लेखापाल, मत्स्य तथा पशु अधिकृत, कृषि अधिकृत,प्रशासन अधिकृत, प्रशासन सहायक, हेअ, स्टार्फ नर्स लगायत विभिन्न ५१ पद रिक्त रहेको देखिन्छ।आवश्यक पद मात्र कायम हुने गरी दरबन्दी मिलान तथा संगठन व्यवस्थापन सर्वे गरी सेवालाई प्रभावकारी बनाउनुपर्दछ।

९.३ **अवकाश कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा सर्त सम्बन्धी कानुन बमोजिम अवकाश हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तभरण, औषधी उपचार लगायतका सुविधा उपलब्ध गराउनका लागि एक अवकाश कोष स्थापना गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष कर्मचारी कल्याणकारी कोषमा रु.१० लाख विनियोजन गरेपनि अवकाष कोष सञ्चालनमा ल्याएको छैन। ऐनले गरेको व्यवस्था बमोजिम कोष सञ्चालनमा ल्याउनुपर्दछ। भविष्यमा आइपर्ने दायित्व वहन गर्नको लागि ऐनले गरेको व्यवस्था बमोजिम अवकाश कोषको व्यवस्था गरी कार्यान्वियन गर्नुपर्दछ।

## १० कानुन निर्माण एवं कार्यान्वयन

१०.१ **कानुन निर्माण तथा कार्यान्वयनको स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा ऐन बनाउन सक्ने तथा सोको अधीनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरण अनुसार हालसम्म २ वटा ऐन, ६ कार्यविधि २ वटा निर्देशिका लगायत १० वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको देखिन्छ।

१०.२ **न्यायिक समितिको कार्य सम्पादन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यो वर्ष २८ विवाद दर्ता भएकोमा २४ वटा मात्र फस्र्योट भई ४ बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्र्योट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

## ११ यन्त्र उपकरण सञ्चालन

पालिकामा रहेका यन्त्र उपकरण सञ्चालन गरी पालिकाले इन्धन, चालक पारिश्रमिक र मर्मत खर्च तथा सञ्चालन आय निम्नानुसार रहेको छ। पालिकाले उक्त उपकरण सञ्चालनको लगानी र आय विष्लेषण समेत गरेको पाइएन। उपकरण सञ्चालन कार्यविधि तयार नगरी पालिकाका पदाधिकारीहरुको मौखिक निर्देशनमा सञ्चालन हुने गरेको पाइयो। यसरी सञ्चालन हुँदा यन्त्र उपकरण सञ्चालन व्यवस्थित हुन सकेको छैन भने प्राप्त आय प्रति विश्वस्त हुन सक्ने अवस्था रहेको छैन। पालिकाको उपकरणहरु मार्फत प्रदान गरिने सेवा वा सञ्चालनको आय र व्यय व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख राख्नुपर्दछ। यस्ता उपकरण सञ्चालन गर्दा लाभ- लागत विश्लेषण समेत गर्नुपर्दछ।

| क्र.सं. | सामानको विवरण | जनशक्ति लागत | इन्धन तथा मर्मत लागत | आय |
|---|---|---|---|---|
| १. | ब्याकहोलोडर | ५२०९१० | २९७७२२५ | ४०५०० |

## १२ सहकारी नियमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र १४ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन

समेत लेखापरीक्षणका क्रममा पेश भएन। जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको अनुगमन गर्नुपर्दछ।

## १३ सेवा प्रवाह

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को परिच्छेद - ३ मा पालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था छ।पालिकाले उपलब्ध गराएको विवरण अनुसार यस आर्थिक वर्षमा निम्नानुसार सेवा प्रवाह गरेको देखिन्छ।

| विवरण | निवेदन दर्ता | सिफारिस भएको संख्या |
|---|---|---|
| **पञ्जीकरणतर्फ** | | |
| जन्मदर्ता | ७२७ | ७२७ |
| मृत्युदर्ता | १८२ | १८२ |
| बसाँइसराइ दर्ता | १९७ | १९७ |
| विवाह दर्ता | ३०५ | ३०५ |
| सम्बन्धविच्छेद दर्ता | ४० | ४० |
| **पूर्वाधार विकास सडक निर्माण** | | |
| कालोपत्रे सडक निर्माण | ७६४.५ मिटर | ७६४.५ मिटर |
| ग्राभेल सडक निर्माण | ३६५८ मिटर | ३६५८ मिटर |
| ग्राभेल सडक मर्मत | २४०० मिटर | २४०० मिटर |

## १४ विविध खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमाली,२०७७ को नियम ३९ मा सरकारी खर्च गर्दा त्यस्तो खर्च पुष्टि हुने बिल भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। पालिकाले यसवर्ष विविध खर्चतर्फ पालिकाले कुल आन्तरिक आय रु.६९८८७२४ को तुलनामा करिव २९ प्रतिशत अर्थात् रु.२०२८३०४ खाना, खाजा, पानी, चिया तथा विभिन्न कार्यक्रम खर्च लगायतका शीर्षकमा खर्च गरेको छ। विविध खर्च गर्दा खर्चको बिल भरपाई पेशभए भएतापनि कतिपय खर्चका बिलभरपाई साथ सो कामसँग सम्बन्धीत निर्णय सहितका पुष्टि हुने प्रमाण संलग्न गर्ने गरेको देखिएन। विविध खर्चको स्पष्ट उद्देश्य र खर्चको यथार्थता प्रमाणित हुने प्रमाण समेत खर्च साथ राखेर खर्च गर्ने व्यवस्था कार्यान्वियन गर्नुपर्दछ।

## १५ आर्थिक सहायता

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले यो वर्ष विभिन्न संघसंस्था र व्यक्ति गरी १०८ जनालाई उपचार सहायता,आगलागी पिडित तथा अन्य विभिन्न संस्थालाई आर्थिक सहयोग लगायतका कार्यको लागि रु.८,८१,८००।- आर्थिक सहायता वितरण गरेको छ। वितरित सहायताको औचित्य पुष्ट्याइँ गरेको छैन। निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनुपर्दछ।

## १६ आन्तरिक आय

१६.१ **आय अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.३,८०,८९,५४० ।- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा रु.६९,८८,७२५।- अर्थात अनुमान भन्दा ८२ प्रतिशत घटी आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन वृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ।

१६.२ **कर तथा शुल्क असुली** - पालिकाले पछिल्लो तीन आर्थिक वर्षमा आन्तरिक आय असुल गरेको राजस्वको स्थिति निम्न अनुसार रहेको छः-

| क्र.सं. | आम्दानी शीर्षक | २०७९।८० कोअसुली | २०८०।८१ कोअसुली | २०८१।८२ को अनुमान | २०८१।८२ को असुली | असुली प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | सम्पत्ति कर | ० | १८४३ | १००००० | २८४५ | ३ |
| २ | भूमिकर/ मालपोत | ५०२३९० | ५०३७०८ | ७००००० | ६०९८४५ | ८७ |
| ३ | वहाल कर | २०१३७६ | ३५४११८ | १००००० | ३३०६४२ | ३३१ |
| ४ | सवारी साधन कर (सानासवारी) | ० | ११००० | ० | ५००० | |
| ५ | व्यवसायले भुक्तानीगर्ने | ० | ३२३५५ | ० | ९००० | |
| ६ | अन्य कर | ० | ४२५०० | ० | ७८३६० | |
| ७ | अन्य बिक्रीबाटप्राप्त रकम | ० | ४०७३५ | ० | २००० | |
| ८ | निजी धारा वापतकोशुल्क | ० | ४२९२९२ | ० | ९०० | |
| ९ | विद्युत सेवा शुल्क | ० | ८००० | ० | २६०० | |
| १० | शिक्षा क्षेत्रकोआम्दानी | ० | ६७००० | ० | ३५७०० | |
| ११ | परीक्षा शुल्क | ० | ८३४०० | ५०००० | १७००० | ३४ |
| १२ | अन्य प्रशासनिक सेवाशुल्क | ० | १५७१६९ | ० | ३९१७५० | |
| १३ | पार्किङ्ग शुल्क | ० | १६५० | ० | ३००० | |
| १४ | नक्सापास दस्तुर | ० | १४०० | १००००० | ११३१२ | ११ |
| १५ | सिफारिश दस्तुर | १५७३७१७ | २१६०३१० | १७२२४७२६ | २१९४२२० | १३ |
| १६ | व्यक्तिगत घटना दर्तादस्तुर | १३९६०१ | ४४३३०० | १५०००० | १०२८२०० | ६८५ |
| १७ | नाता प्रमाणित दस्तुर | २०३५३ | ५८५०० | ५०००० | ५६१०० | ११२ |
| १८ | अन्य दस्तुर | १९८१९१४ | २९७८५३ | २०००००० | ३८४३५४ | १९ |
| १९ | व्यवसाय रजिष्ट्रेशनदस्तुर | १४६३९० | ६४४६२५ | १५०००० | ८६१०९० | ५७४ |
| २० | विद्युत सम्बन्धीदस्तुर | ० | ४००० | ० | २००० | |
| २१ | अन्य क्षेत्रको आय | ० | ६०० | ० | २०० | |
| २२ | न्यायिक दण्ड जरिबानार जफत | ० | ६०००० | ० | २०००० | |
| २३ | प्रशासनिक दण्डजरिबाना र जफत | ० | १०४००० | ० | १६०९५० | |
| २४ | अन्य राजस्व | ३००००००० | ७४०५५ | ० | १६२०० | |
| २५ | सरकारी घर जग्गागुडवील बिक्रीबाट प्राप्त रकम | ० | ० | ० | १२०० | |
| २६ | व्यवसाय कर | ५११७३६ | ४३२०० | ६००००० | १५०० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २७ | बेरूजू | २४४४११ | ८४०८३७ | १६८६४८१४ | ७६२७५७ | ५ |
| २८ | धरौटीसदरस्याहा | ० | ३००० | ० | ० | |
| २९ | न्यायिक दस्तुर | ० | १००० | ० | ० | |
| जम्मा | | ३५३२१८९० | ६४६९४५० | ३८०८९५४० | ६९८८७२५ | १८ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

१६.३ **व्यवसाय कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ। यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.१५०० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अद्यावधिक गरेको छैन। जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन। तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ।

## १७ कन्टिन्जेन्सी खर्च

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) मा निर्माण कार्यको लागत अनुमान अनुसूची-१ बमोजिम तयार गर्नुपर्ने उल्लेख छ।उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेश गर्न सकिने व्यवस्था रहेको छ। पालिकाले कन्टिन्जेन्सी खर्चको छुट्टै अभिलेख राखेको छैन। पालिकाले यस वर्ष निम्न बमोजिम रू.२५३८८६५ कन्टीन्जेन्सी खर्चको विवरण पेश गरेको छ।

| विवरण | मस्टरोल | मर्मत तथा ईन्धन | दैनिक भ्रमण भत्ता | अन्य खर्च | जम्मा खर्च |
|---|---|---|---|---|---|
| कन्टिन्जेन्सी खर्च | ५३२८ | १०१५४७९ | ४४९१०० | १०६८९५८ | २५३८८६५ |

कन्टिन्जेन्सी रकमबाट गर्नुपर्ने प्राविधिक कर्मचारीलाई दैनिक भ्रमण भत्ता, मर्मत तथा ईन्धन,बैठक भत्ता, कार्यालय सामाग्री खरिद जस्ता कार्यका लागि बजेट नै विनियोजन भएको अवस्थामा कन्टिन्जेन्सी रकम खर्च गर्नु मनासिव देखिएन। कन्टिन्जेन्सी रकम खर्च गर्ने कार्यविधि निर्माण गरी खर्च गर्नुपर्दछ।

## १८ सामुदायिक वन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्विकृत गराउनुपर्ने र वन पैदावारको बिक्री बापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धीत गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। त्यसै गरी वन ऐन, २०७६ को दफा २२ मा सामुदायिक वन उपभोक्ता समूहले कार्य योजना बमोजिम आर्जन गरेको वार्षिक आयबाट कम्तीमा पच्चिस प्रतिशत रकम वनको विकास, संरक्षण तथा व्यवस्थापन कार्यमा खर्च गरी बाँकी रहेको रकमको कम्तीमा पचास प्रतिशत रकम सम्बन्धित स्थानीय तहसँग समन्वय गरी गरिबी न्यूनीकरण, महिला शसक्तिकरण तथा उद्धम विकास कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ। त्यस्तै वन नियमावली, २०७९ को नियम ४५ मा सामुदायिक वन उपभोक्ता समूहले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र वार्षिक प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन, बिक्री गरेको वनपैदावरको वार्षिक विवरण लगायतका कागजात र विवरण स्थानीय तहमा बुझाउनुपर्ने व्यवस्था छ। पालिकाभित्र ४८ वटा सामुदायिक वन उपभोक्ता समूह रहेकोमा नियमावली बमोजिमका विवरण बुझाएको देखिएन भने सामुदायिक वन उपभोक्ता समूहले आर्जन गरेको वार्षिक आयको कम्तीमा ३७ प्रतिशत रकम स्थानीय तहसँग समन्वय गरी गरिबी न्यूनीकरण, महिला शसक्तिकरण तथा उद्धम विकास कार्यमा खर्च गरेको देखिएन। पालिकाले आफ्नो कार्य क्षेत्रभित्रका सामुदायिक वन

उपभोक्ता समूहको अभिलेख अद्यावधिक गरी आवश्यक सहयोग तथा सहजीकरण गरी वार्षिक आयको कम्तीमा ३७ प्रतिशत रकम गरिबी न्यूनीकरण, महिला शसक्तिकरण तथा उद्धम विकास कार्यमा खर्च गर्ने व्यवस्था गर्नुपर्दछ ।

## १९ सफ्टवेयर खरिद तथा सञ्चालन

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ३ अनुसार सार्वजनिक निकायले कुनै खरिद कार्य गर्दा आवश्यकताको पहिचान, खरिद विवरण, परिणाम र क्षेत्र यकिन गरी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष कम्प्युटर सफ्टवेयर निर्माणमा रु.३,६८,०८६।- खर्च गरेको देखियो। सफ्टवेयर खरिदको आवश्यकता यस्तो लागत अनुमान त्यसको पूर्ण प्रयोग, उक्त सफ्टवेयर संचालनको स्वीकृति नलिएको तथा सफ्टवेयरको अडिट गराएको देखिएन। उक्त सफ्टवेयर प्रयोगमा आन्तरिक जनशक्ति परिचालन भन्दा पनि बाह्य परामर्श दाता माथि निर्भर रहेको छ। तसर्थ यस्ता सफ्टवेयर खरिद प्रयोग र वार्षिक मर्मत सुधार खर्चमा मितव्ययिता ल्याउने र त्यसको नतिजालाई सेवा प्रवाहसँग आबद्ध गराउने व्यवस्था मिलाउनुपर्दछ।

## २० परामर्श सेवा खरिद

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ र ९ मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरी आवश्यकताको पहिचानका आधारमा परामर्श सेवा खरिद गर्नुपर्ने व्यवस्था छ। त्यस्तै दफा २९ (१क) मा परामरर्श सेवा खरिद गर्दा सम्वन्धित सार्वजनिक निकायमा उपलव्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था रहेको छ। बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्दछ। यस पालिकाले यो वर्ष स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायका परामर्शदाता कम्पनीलाई रु.१५,५७,४०६।भुक्तानी गरेको छ।

| गो.भौ.नं. र मिति | विवरण | परामर्शदाता | खर्च रकम | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| २४८-२०८१।९।२१ | विभिन्न खोला घाटहरुको IEE | रारा इन्जिनियरङ कन्सल्टेन्सी | २३२२१६ | |
| ११७६-२०८२।३।२५ | सामाजिक परीक्षण | रिस्तीमादी रिसर्ज एण्ड कन्सल्टेन्सी | १४१५५० | |
| ११७७-२०८२।३।२५ | विभिन्न खोला घाटहरुको IEE | हितलाइन ग्रुप अफ इन्जिनियरिङ सोलुसन | ४८३६४० | |
| २५७-२०८२।३।२५ | सडक यातायात गुरु योजना | इ क्यान इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि. | ७००००० | कार्यान्वयन नभएको |
| जम्मा | | | १५५७४०६ | |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन। यस्ता डी. पी. आर. पालिकाकै जनशक्तिबाट गराउने र सोको पर्याप्त विश्लेषण गरी कार्यान्वयन योग्य आयोजनाहरुको मात्र डी. पी. आर. तथा गुरुयोजना बनाउनुपर्दछ। यसरी प्राप्त डि.पि.आर.का प्रतिवेदनहरू सम्पत्तिको रुपमा अभिलेख गरिनु पर्दछ।

## २१ कृषि अनुदान

कृषि क्षेत्रको रुपान्तरण, कृषि तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्द्धन लगायतका कृषि,पशुपन्छी,बालीनाली,मत्स्य आदि सम्बन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ।यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको संलग्नता सञ्चालन गर्न विभिन्न नीति कार्यविधि तथा निर्देशिका नेपाल सरकार,प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ। सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत यस वर्ष १७४ जनाको लागि रु.६४,४६,०७९। खर्च भएको देखिन्छ।यस्ता खर्चको पारदर्शिता र जवाफदेहीता प्रबर्द्धनको लागि यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम,ठेगाना र अनुदानको किसिम तथा रकम वेवसाइटमा सार्वजनिकरण गर्नुपर्दछ।

| क्र.स. | कार्यक्रमको नाम | अनुदानको किसिम | संख्या | रकम रु हजारमा |
|---|---|---|---|---|
| १ | विपन्न पशुपालन कृषकलाई चापकटर वितरण | ७५ प्रतिशत अनुदान | १६ | ६४०००० |
| २ | चाप कटर वितरण कार्यक्रम | ५० प्रतिशत अनुदान | २५ | १०००००० |
| ३ | चाप कटर वितरण कार्यक्रम | ५० प्रतिशत अनुदान | २५ | १०००००० |
| ४ | चाप कटर वितरण कार्यक्रम | ५० प्रतिशत अनुदान | २५ | ९९५००० |
| ५ | मिनि टिलर वितरण कार्यक्रम | ५० प्रतिशत अनुदान | ९ | ६९०००० |
| ६ | डिस्क मिल वितरण | ५० प्रतिशत अनुदान | २ | ३०००० |
| ७ | मकै छोडाउने मेसिन वितरण | ५० प्रतिशत अनुदान | २ | ७०००० |
| ८ | पम्पसेट वितरण | १०० प्रतिशत अनुदान | ३१ | ८९९९३० |
| ९ | मोटर वितरण | १०० प्रतिशत अनुदान | ३९ | ११२११४९ |
| जम्मा | | | १७४ | ६४४६०७९ |

२२ **सिलाइ मेसिन वितरण** (१३७-2082-02-14):

सम्भाव्य उत्पादनको उत्पादकत्व बढाउन कम्तिमा ५ जनाको समूहमा प्रविधि हस्तान्तरण शीर्षकबाट विभिन्न १० व्यक्तिहरु लाई रु.१६०००० को १० वटा सिलाइ मेसिन खरीद गरी वितरण गरेको देखिन्छ । १० वटा सिलाइ मेसिन क कसलाई कुन प्राथमिकताको आधारमा हस्तान्तरण गरेको र बुझिलिने व्यक्तिको मोबाइल नम्बर लागायतको कुरा खुलाएको देखिएन।उक्त व्यक्तिहरुको निवेदन माग गरेको तथा उनीहरुले सिलाइ कटाइ सम्बन्धी काम गरिराखेको यकिन गरेको देखिएन। उक्त व्यक्तिहरुले पालिकाबाट पाएको प्रविधि सदुपयोग गरिरहेको सम्बन्धमा पालिकाले यकिन गर्नुपर्दछ।

२३ **बीमा तथा नवीकरण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(११) मा सरकारी कारोबार गर्दा गुणस्तर मितव्ययी र सरकारी हानी नोक्सानी नहुने गरी गर्नुपर्ने व्यवस्था छ। पालिकाले ३२वटा मोटरसाइकल, १ व्याकहोलोडर,२ स्कार्पियो समेत ३५ वटा सवारी साधानको नवीकरण गर्दा समयमा नगरेका कारण रु.२४६६०० भुक्तानीमा रु.३६१०० जरिबाना तिरेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३६,१०० |

२४ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यो कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिकाका २ वडामा विभिन्न योजना सञ्चालन गरी यस वर्ष ४४ जनालाई रोजगारी उपलव्ध गराई रु.३६७०४४५।- श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ। उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिदैँन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

| आर्थिक वर्ष | ज्याला खर्च रकम | तलबमा खर्च भएको रकम | कुल खर्च रकम |
|---|---|---|---|
| २०८१।८२ | ३६७०४४५ | ६८७६२६ | ४३५८०७१ |

२५ **करार कर्मचारीको ग्रेड तथा थप सञ्चयकोष**

नेपाल सरकार, मन्त्रीपरिषद्को २०७४।१।२१ को निर्णयमा पालिकाको स्वीकृत दरबन्दी भित्र करारमा रहेका कर्मचारीहरुलाई प्रदान गर्ने सुविधा सम्बन्धी व्यवस्थामा करारमा कार्यरत कर्मचारीहरुलाई ग्रेड र सञ्चयकोष कट्टी गरी थप गर्ने व्यवस्था रहेको देखिँदैन। सातौ गाउँसभाको निर्णयबाट साविक जिविसबाट आएका अस्थायी करार कर्मचारीहरुलाई ग्रेड र १० प्रतिशत थप सञ्चयकोष मासिक रुपमा भुक्तानी गरेको देखिन्छ। ऐन कानुनमा व्यवस्था नभएको र विगत वर्षको सभाको निर्णयको आधारमा करार कर्मचारीलाई ग्रेड र संचयकोष भुक्तानी गरेको रकम नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,९८,२६३ |

२६ **पालिकाबाट करार कर्मचारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था रहेको छ। पालिकाले सहायक चौथो,सब ईन्जिनियिर,अ.सब.ईन्जिनियर,अहेव,अनमि,ल्याब असिस्टेन, सवारी चालक,व्याकहोलोडर अपरेटर, कार्यालय सहयोगी लगायत विभिन्न पदमा ९६ जना कर्मचारी करारमा राखी निजहरुको तलब भत्ता बापत यस वर्ष रु.२ करोड ९ लाख ८१ हजार खर्च लेखेको छ। त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐनको दफा ८३(८) बमोजिम पालिकाले सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमामात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ। पालिकाले माथि उल्लिखित पद बाहेक खर्च व्यहोर्ने स्रोतको सुनिश्चितता नगरी संगठन तथा व्यवस्थापन सर्वेक्षणविना स्वीकृत दरबन्दी बेगर सहायक चौथो-९ जना करारमा नियुक्ति गरी यस वर्ष तलब भत्ता बापत रु.३२ लाख २९ हजार भुक्तानी गरेको छ। पालिकाले उक्त पदहरुमा विगत वर्ष देखि कार्यरत रहेको जनाएको छ। यसरी स्वीकृत दरबन्दी वेगरको पदमा करारमा नियुक्ति गरी तलब भत्तामा गरेको खर्च नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३२,२९,००० |

२७ **स्वकीय सचिव**

स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधासम्बन्धी ऐन, २०७६ मा पदाधिकारीहरूको लागि स्वकीय सचिव र सल्लाहकार राखी पारिश्रमिक दिने व्यवस्था छैन। पालिकाले यस वर्ष १ जना स्वकिय सचिव नियुक्त गरी मासिक रु.१८००० का दरले वार्षिक रु.२,१६,०००।- पारिश्रमिक भुक्तानी दिएको छ। पदाधिकारी सुविधा सम्बन्धी ऐनमा उल्लेख भएभन्दा फरक हुने गरी यो वर्ष स्वकीय सचिव राखी खर्च लेखेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २,१६,००० |

२८ **न्यायिक समिति भत्ता**

अर्थ मन्त्रालय कार्यसञ्चालन निर्देशिका,२०८१ को परिच्छेद ७ को बुँदा नं. ४५ मा बैठक भत्ता सम्बन्धी मापदण्ड तोकेको छ। उक्त मापदण्ड अनुसार बैठक भत्ता प्रदान गर्ने बैठकको विषयवस्तु र सो को गम्भिरताको यकिन, एउटै निकाय र अन्तर्गतका पदाधिकारी कर्मचारी मात्र वस्ने वैंठकमा भत्ता प्रदान नगर्ने, कानुन अनुसार गठन भएका समितिहरुको लागि मात्र वैठक भत्ता प्रदान गर्ने, वैठकमा आमन्त्रित सदस्यका रुपमा थप व्यक्तिहरु राख्न नपाइने तर विशेषज्ञ सेवा आवश्यक परेको अवस्थामा ३ जना सम्म आमन्त्रित सदस्यहरु लाई भत्ता प्रदान गर्ने व्यवस्था छ। पालिकाले न्यायिक समितिको बैठकमा पालिका अध्यक्ष समेतलाई आमन्त्रित सदस्यको रुपमा राखी भत्ता रकम भुक्तानी गरेको देखिन्छ। समितिको बैठकमा विषय विज्ञलाई मात्र आमन्त्रित रुपमा राख्ने गरी व्यवस्थापन गर्नुपर्दछ।

२९ **अक्षयकोष**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा बजेट तथा कार्यक्रमको सीमाभित्र रही खर्च गर्नुपर्ने व्यवस्था उल्लेख छ। पालिकाले खुमबहादुर खड्का स्मृति प्रतिष्ठान अक्षयकोष स्थापनाका लागि रु.१० लाख बजेट विनियोजन भई विभिन्न बिल भरपाईको आधारमा भुक्तानी दिएकोमा अक्षयकोषमा रकम जम्मा भएको प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,००,००० |

३० **अन्य कार्यालयको खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १८ मा बजेट निकासा सम्वन्धि व्यवस्था रहेको छ। सोही ऐनको दफा १८(४) मा एक मन्त्रालय वा निकाय मातहतको कार्यालय मार्फत कार्यक्रम सञ्चालन गरी खर्च गर्न आवश्यक भएमा विनियोजन भएको निकायको सचिवले सम्वन्धित मन्त्रालय वा निकायको सचिवलाई खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। पालिकाले आफ्नो कार्यक्षेत्र भन्दा बाहिरका देहायका निकायलाई गरेको खर्च नियमसम्मत नदेखिएको रु.

| गो.भौ.नं. र मिति | विवरण | कार्यालय | रकम |
|---|---|---|---|
| ८०-२०८२।२।१४ | भवन प्लास्टर | ईलाका प्रहरी कार्यालय खांग्रा | ४९६४९ |
| | ईन्धन भुक्तानी | ईलाका प्रहरी कार्यालय खांग्रा | १६७५० |
| १५८-२०८२।३।२२ | भवन मर्मत | चंगुवा प्रहरी चौकी | २३८७७३ |
| | क्यान्टीन निर्माण | देउखुरी बहुमुखी क्याम्पस | १४२६७३९ |
| जम्मा | | | १७३१९११ |

| अनियमित भएको | १७,३१,९११ |
|---|---|

३१ **लोकसेवा आयोग तयारी कक्षा**

आर्थिक कार्याविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न गर्नुपर्ने व्यवस्था छ। पालिका र न्यून भिक्टोरिया ट्यूशन सेन्टर विच ८० दिन कक्षा सञ्चालनको लागि प्रस्ताव पेश गरी सोही प्रस्तावको आधारमा रु.३००००० मा सम्झौता भएकोमा मिति २०८१ चैत २५ गते देखि २०८२ जेठ ३० गते सम्म ६९ दिन मात्र कक्षा सञ्चालन भएको प्रतिवेदन तथा कक्षामा उपस्थित विद्यार्थीहरुको हाजिर पेश भएकोले घटी कक्षा सञ्चालनको रु.२२००० सम्बन्धित संस्थाबाट असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | २२,००० |
|---|---|

३२ **शिक्षा तर्फ**

३२.१ **शिक्षक विद्यार्थी अनुपात** – शिक्षा नियमावली, २०५९ (संशोधनसहित) को नियम ७७ को उपनियम (१) बमोजिम विद्यार्थी शिक्षक अनुपात हिमाली भेगमा १:४०, पहाडी भेगमा १:४५ र तराई भेगमा १:५० रहने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८१।८२ मा समग्र पालिका अन्तर्गत ३२ सामुदायिक विद्यालयमा १७१ जना शिक्षक र ४३१६ विद्यार्थी रहेकोमा समग्रमा औसत शिक्षक विद्यार्थी अनुपात २५ रहेको छ । यसरी हेर्दा पालिका भित्रका सामुदायिक विद्यालयमा शिक्षक विद्यार्थी अनुपात ५० भन्दा माथि हुने विद्यालय २ रहेका छन् भने शिक्षक विद्यार्थी अनुपात २० भन्दा कम हुने १६ विद्यालयहरु निम्नानुसार छन् :-

| क.सं. | विद्यालयकोनाम | शिक्षक संख्या | विद्यार्थीसङ्ख्या | शिक्षकविद्यार्थी अनुपात |
|---|---|---|---|---|
| १ | श्री साधारण नमूना माध्यमिक विद्यालय सालभौरी | २८ | ५७१ | २० |
| २ | श्री शिवशक्ति माध्यमिक विद्यालय भौवानाका | १० | १३६ | १३ |
| ३ | श्री जनज्योति माध्यमिक विद्यालय वेला | २१ | ७०१ | ३३ |
| ४ | श्री माध्यमिक विद्यालय सिक्टा | ११ | २४८ | २२ |
| ५ | श्री शंकर माध्यमिक विद्यालय खरदरिया | ६ | ४१२ | ६८ |
| ६ | श्री ज्योति आधारभूत विद्यालय गुरुङखोला | ८ | १५५ | १९ |
| ७ | श्री माध्यमिक विद्यालय दुलैया | १२ | ५६५ | ४७ |
| ८ | श्री गौरीशंकर माध्यमिक विद्यालय भैसाहीनाका | ४ | १२६ | ३१ |
| ९ | श्री युगबोध आधारभूत विद्यालय सुनपथरी | ४ | १०४ | २६ |
| १० | श्री बालकल्याण माध्यमिक विद्यालय खाङ्ग्रानाका | ७ | १५४ | २२ |
| ११ | श्री जनप्रिय आधारभूत विद्यालय गोठूवा | २ | ८० | ४० |
| १२ | श्री रात्री आधारभूत विद्यालय गंगदी | ३ | ८२ | २७ |
| १३ | श्री कृष्ण आधारभूत विद्यालय कुरुवाखोला | ४ | ३५ | ९ |
| १४ | श्री सोमइ आधारभूत विद्यालय बेला | ४ | ९२ | २३ |
| १५ | श्री रात्री आधारभूत विद्यालय मटेरिया | ४ | २२ | ६ |
| १६ | श्री दिपज्योति आधारभूत विद्यालय जङग्रहवा | ४ | १११ | २८ |
| १७ | श्री दिपज्योति आधारभूत विद्यालय मुङ्ग्रेठा | १ | २४ | २४ |
| १८ | श्री शंकर आधारभूत विद्यालय करङ्गाखोला | ३ | ५७ | १९ |
| १९ | श्री दुर्गाज्ञानज्योति आधारभूत विद्यालयमाररीखोला | ४ | ७३ | १८ |
| २० | श्री बालजनता आधारभूत विद्यालयकठबेरुवा | ४ | ४० | १० |
| २१ | श्री बालविसौनी आधारभूत विद्यालयपटौलीनाका | ६ | ५३ | ९ |
| २२ | श्री जनप्रिय आधारभूत विद्यालयसिमगजमरी | १ | २५ | २५ |
| २३ | श्री जनप्रिय आधारभूत विद्यालयगंगदीखोला | ३ | ४४ | १५ |
| २४ | श्री जनज्योति आधारभूत विद्यालयमहतिनीखोला | ४ | ३३ | ९ |
| २५ | श्री ज्ञानकुञ्ज आधारभूत विद्यालयस्याउलेनाका | १ | १८ | १८ |
| २६ | श्री दिपेन्द्र आधारभूत विद्यालयकल्याणपुरनाका | ४ | ६१ | १५ |

| | | | | |
|---|---|---|---|---|
| २७ | श्री विरेन्द्र आधारभूत विद्यालयगौरीयानाका | ४ | ५३ | १३ |
| २८ | श्री बालज्योति आधारभूत विद्यालयडमारानाका | १ | १८ | १८ |
| २९ | श्री रामेश्वरी बालजनता आधारभूत विद्यालयरसरीखोला | ४ | ६३ | १६ |
| ३० | श्री जनकल्याण आधारभूत विद्यालयभैसहवा | १ | १४६ | १४६ |
| ३१ | श्री बालअधिकार आधारभूत विद्यालयसुकौलीनाका | १ | १२ | १२ |
| ३२ | श्री सूर्योदय आधारभूत विद्यालयबनकट्टी | ३ | २ | १ |
| जम्मा | | १७१ | ४३१६ | २५ |

उल्लिखित विवरण अनुसार पालिकामा सार्वजनिक विद्यालय समायोजन एवं एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७७ र शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन ) कार्यविधि,२०७६ अनुसार संघीय कानुनले तोकेबमोजिम विद्यालय समायोजन एवं शिक्षक दरबन्दी मिलानको कार्य गरेर पूरा नभएमात्र स्वंयमसेवक शिक्षक परिचालन गर्नुपर्ने देखिन्छ।

३२.२ **एसईई नतिजा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२) मा आधारभूत तथा माध्यामिक शिक्षालाई स्थानीय तहको क्षेत्राधिकारभित्र समावेश गरेको देखिन्छ । गाउँपालिका भित्र माध्यमिक विद्यालयबाट एसईई २०८० मा १५७ विद्यार्थि सहभागि भएकोमा १ जना विद्यार्थी मात्र उत्तीर्ण भएको थियो भने २०८१ मा १६५ विद्यार्थी सहभागि भएकोमा ४९ जना विद्यार्थी उतीर्ण भएका छन् । पालिका भित्रको शिक्षामा सुधारको कदम चाल्दै उत्तीर्ण प्रतिशतमा सुधार ल्याउन जोड दिनुपर्दछ ।

| क्र.सं. | विद्यालयको नाम | २०८० मा सहभागी विद्यार्थी संख्या | नियमित उत्तीर्ण विद्यार्थी संख्या | ग्रेडवृद्धिबाट उत्तीर्ण विद्यार्थी संख्या | २०८१ मा सहभागी विद्यार्थी संख्या | नियमित उत्तीर्ण विद्यार्थी संख्या | ग्रेडवृद्धिबाट उत्तीर्ण विद्यार्थी संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | श्री साधारण माध्यमिक विद्यालय सालभौरी | ५७ | १ | ० | ३० | १३ | १२ |
| २ | श्री जनज्योति माध्यमिक विद्यालय मटेरिया | ५६ | ० | १२ | ५२ | १३ | १५ |
| ३ | श्री शिवशक्ति माध्यमिक विद्यालय भौवानाका | ८ | ० | २ | ६ | ४ | १ |
| ४ | श्री शंङ्कर माध्यमिक विद्यालय खरदरिया | ४३ | ० | ८ | २३ | ४ | ४ |
| ५ | श्री माध्यमिक विद्यालय दुलैया | १४ | ० | ३ | २९ | ५ | ८ |
| ६ | श्री माध्यमिक विद्यालय सिक्टा | ३२ | ० | १० | २१ | ८ | ४ |
| ७ | श्री बालकल्याण माध्यमिक विद्यालय खाङग्रानाका | ४ | ० | ० | ४ | २ | १ |
| ८ | श्री गौरीशंकर माध्यमिक विद्यालय भैसाहीनाका | ९ | ० | ० | ११ | ३ | ४ |
| जम्मा | | २२३ | १ | ३५ | १७६ | ५२ | ४९ |

३२.३ **दिवा खाजाः-** कार्यक्रम कार्यान्वियन कार्यविधि २०८१/८२ को क्रियाकलाप नं २.७.११.१ मा सामुदायिक विद्यालयका तोकिएका विद्यार्थीको लागि दिवा खाजा अन्तर्गत बालबिकास देखि कक्षा ५ सम्मको विद्यार्थीलाई प्रति विद्यार्थी प्रति दिन रु १५ का दरले खाजा खुवाएको दिनको आधारमा १८० दिनका लागि अनुदानको व्यवस्था गरेको छ । पालिका अन्तर्गत संचालित ३२ वटा विद्यालयलाई पालिकाले जम्मा रु.६७५२०००।- निकासा दिएको छ । यस सम्बन्धमा देखिएका बेहोराहरु निम्नानुसार छन् :-

क)पालिकाले IEMIS मा प्रविष्टि भएको तथ्याङ्कलाई विद्यालयका प्रधान अध्यापक तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट सत्यापन नगराइ निकासा गरेको छ । पालिकाले कार्यक्रम कार्यान्वियन पुस्तिकामा उल्लेख भए बमोजिम EMIS डाटालाई विद्यार्थी हाजिरी पुस्तिका, परीक्षामा सहभागी संख्या र अनुगमनबाट विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरेर मात्र अनुदान निकासा दिनुपर्दछ ।

ख)पालिकाले निम्नानुसारको विद्यालयमा दिवा खाजाको अनुदान निकासा गरेकोमा सो भन्दा घटीको बिल भर्पाइ पेश भएको छ । पेश भएको भर्पाइ भन्दा बढी निकासा भएको रकम विद्यालयहरुले पालिकाको आन्तरिक खातामा आम्दानी बाधेकोमा संघीय संचितकोषमा दाखिला भएको प्रमाण पेश गर्नुपर्ने रु.

| क्र.स. | विद्यालयको नाम | निकासा | भरपाइ | फरक |
|---|---|---|---|---|
| १ | श्री साधारण माध्यमिक विद्यालय गंगदी | २८५९०५ | २७११९० | १४७१५ |
| २ | श्री शिवशक्ति माध्यमिक विद्यालय भौवा | २२०६७३ | २१९३९८ | १२७५ |
| ३ | श्री जनज्योति माध्यमिक विद्यालय बेला | ५०७४३५ | ४९०१४० | १७२९५ |
| ४ | श्री माध्यमिक विद्यालयसिक्टा | २२३१९७ | २१८१७२ | ५०२५ |
| ५ | श्री शंकर माध्यमिक विद्यालय खरदरिया | १८७२०२ | १८४०२२ | ३१८० |
| ६ | श्री ज्योति माध्यमिक विद्यालय गुरुङखोला | ३३४७१७ | ३२८१९२ | ६५२५ |
| ७ | श्री माध्यमिक विद्यालय दुलैया | ८०३५०५ | ७७१४२० | ३२०८५ |
| ८ | श्री गौरीशंकर माध्यमिक विद्यालय भैसाही | १७९०२० | १७७५९५ | १४२५ |
| ९ | श्री युगबोध आधारभूत विद्यालय सुनपथरी | २२५८४६ | २२०२९६ | ५५५० |
| १० | श्री बालकल्याण माध्यमिक विद्यालय खाडग्रा | १४१८३८ | १३७४७३ | ४३६५ |
| ११ | श्री सोमइ आधारभूत विद्यालय बेला | ३४६९०९ | ३४३१५९ | ३७५० |
| १२ | श्री रात्री आधारभूत विद्यालय मटेरिया | ९६९४५ | ९५८६५ | १०८० |
| १३ | श्री दीपज्योति आधारभूत विद्यालय जङग्रहवा | ४८५८०० | ४७९६२० | ६१८० |
| १४ | श्री शंकर आधारभूत विद्यालय करङ्गाखोला | २१५३५५ | २०६७१५ | ८६४० |
| १५ | श्री दुर्गा ज्ञानज्योति आधारभूत विद्यालय माररीखोला | २१६२४० | २०७०७५ | ९१६५ |
| १६ | श्री बालविसौनी आधारभूत विद्यालय पटौलीनाका | १५५६७० | १५३४२० | २२५० |
| १७ | श्री दिपेन्द्र आवि कल्याणपुर | १८५७५० | १७८८२० | ६९३० |
| १८ | श्री जनकल्याण आधारभूत विद्यालय भैसहवा | ४३४९२६ | ४३१९४१ | २९८५ |
| जम्मा | | ५२४६९३३ | ५११४५१३ | १३२४२० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,३२,४२० |

३२.४ **छात्रवृत्ति :** कार्यक्रम कार्यान्वियन कार्यविधि,२०८१।८२ मा सामुदायिक विद्यालयका विद्यार्थीहरुलाई छात्रवृत्ति अनुदान सम्बन्धमा व्यवस्था छ। पालिका भित्रका सामुदायिक विद्यालयहरुका विद्यार्थीहरुका लागि IEMIS तत्याङ्कका आधारमा छात्रावृत्ति वापतको रकम अनुदान उपलब्ध गराउने व्यवस्था छ। लेखापरीक्षणको क्रममा पालिकाले उपलब्ध गराएको आर्थिक वर्ष २०८१/८२ को विद्यालयको लेखापरीक्षणको सारांश अनुसार छात्रवृत्तिको लागि निकासा भएको रकममध्ये विद्यालयले छात्रवृत्ती बाडेर बाँकी रहेको निम्नानुसारको रकम रु.६१४००।- विद्यालयले पालिकाको आन्तरिक खातामा आम्दानी बाँधेकोमा संघीय संचितकोषमा दाखिला भएको प्रमाण पेश गर्नुपर्ने रु...

| क्र.स. | विद्यालयको नाम | निकासा | भरपाइ | फरक | गापाको खातामा फिर्ता रकम |
|---|---|---|---|---|---|
| १ | श्री शिवशक्ति माध्यमिक विद्यालय भौवानाका | २१४०० | २१००० | ४०० | ४०० |
| २ | श्री शंकर माध्यमिक विद्यालय खरदरिया | ४४२०० | ३९००० | ५२०० | ५२०० |
| ३ | श्री माध्यमिक विद्यालय दुलैया | ९२२०० | ८१००० | ११२०० | ११२०० |
| ४ | श्री युगबोध आधारभूत विद्यालय सुनपथरी | १५२०० | १३२०० | २००० | २००० |
| ५ | श्री बालबल्याण माध्यमिक विद्यालय खड्ग्रानाका | १५२०० | ८४०० | ६८०० | ६८०० |
| ६ | श्री जनप्रिय आधारभूत विद्यालय गोठूवा | १४४०० | १२८०० | १६०० | १६०० |
| ७ | श्री रात्री आधारभूत विद्यालय गंगदी | २६८०० | १७६०० | ९२०० | ९२०० |
| ८ | श्री दिपज्योति आधारभूत विद्यालय जङ्ग्रहवा | ४०००० | ३५२०० | ४८०० | ४८०० |
| ९ | श्री शंकर आधारभूत विद्यालय करङ्गाखोला | २०००० | १६४०० | ३६०० | ३६०० |
| १० | श्री दुर्गाज्ञानज्योति आधारभूत विद्यालय माररीखोला | २४२०० | २२६०० | १६०० | १६०० |
| १२ | श्री बालबिसौनी आधारभूत विद्यालय पटौलीनाका | १५६०० | १२००० | ३६०० | ३६०० |
| १३ | श्री जनज्योति आधारभूत विद्यालय महतिनीखोला | ११२०० | ८००० | ३२०० | ३२०० |
| १४ | श्री दिपेन्द्र आधारभूत विद्यालय कल्याणपुर | २०००० | १६८०० | ३२०० | ३२०० |
| १५ | श्री बिपेन्द्र आधारभूत विद्यालय गौरियाननाका | १६००० | १४००० | २००० | २००० |
| १६ | श्री जनकल्याण आधारभूत विद्यालय भैसहवा | ८५२०० | ८२२०० | ३००० | ३००० |
| जम्मा | | ४६१६०० | ४००२०० | ६१४०० | ६१४०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६१,४०० |

३२.५ **ल्याब सञ्चालन अनुदान:** कार्यक्रम कार्यान्वियन कार्यविधि २०८१।८२ को वित्तीय व्यवस्थापन सम्बन्धी निर्देशनको बुदाँ नं १४ मा विद्यायमा हुने खरिद कार्य प्रचलित आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, खरिद ऐन, नियमावलीको अधीनमा रही गर्नुपर्ने व्यवस्था छ । पालिकाले ल्याब सामग्री अनुदान साधारण नमुना माध्यमिक विद्यालय सालभौरीलाई रु.२००००० निकासा दिएको रकमको कार्यविधि बमोजिम खर्चको बिल भरपाई कागजात सहित प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,००,००० |

३२.६ **नि:शुल्क पाठ्यपुस्तक अनुदान :** कार्यक्रम कार्यान्वियन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं २.४.६.२ मा सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि नि-शुल्क पाठ्यपुस्तक अनुदान सम्बन्धी व्यवस्था रहेको छ। IEMIS मा प्रविष्टि तथ्यांकलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्यांकसंग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा पाठ्यक्रम विकास केन्द्रले प्रकाशन गरेको पाठ्यपुस्तकको मूल्यसूचि अनुसारको मूल्यको आधारमा पाठ्यपुस्तकको अनुदान विद्यालयको खातामा पठाउनु पर्ने व्यवस्था रहेकोमा यस वर्ष कुनैपनि विद्यालयको सत्यापन कार्य गरेको पाइएन । IEMIS मा प्रविष्ट तथ्यांकको आधारमा ३२ वटा विद्यालयहरुलाई पहिलो पटक ७५ प्रतिसत र बाँकी नपुग २५ प्रतिसत समेत गरी जम्मा रु.३०६७००० ।- भुक्तानी भएको पाइयो । यसरी सत्यापन नभएको अवस्थामा विद्यार्थी संख्या IEMIS मा प्रविष्ट तथ्यांक बराबर छन् भन्ने विषयमा आश्वस्त हुन सक्ने अवस्था छैन । पालिकाले निकासा दिएको रकमबाट विद्यार्थीहरुले समयमा नै पाठ्यपुस्तक पाए/ नपाएको तथा पालिकाबाट निकाशा भएको रकमको उद्देश्य अनुसार कार्य भए/नभएको यकिन गरी अनुगमन गर्नुपर्दछ । रात्री आधारभुत

विद्यालय गंगदीले पेश गरेको भरपाई भन्दा बढी निकासा रु.९८१२ पालिकाले आन्तरिक खातामा आम्दानी बाँधेकोमा संघीय संचितकोषमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,८१२ |

३२.७ **प्राविधिकधारका विद्यालयलाई अनुदान:** कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१/८२ को क्रियाकलाप नं.२.७.१३.५० को बुदाँ नं.२.६ अनुसार OJT वापतको कक्षा ९-११ सम्मका विद्यार्थीका लागि शिक्षण सिकाइ सामग्री, ल्याब असिष्टेण्ट लागि पारिश्रमिक, उपकरण तथा प्रयोगात्मक सामग्री व्यवसथापन तथा व्यवहारिक अभ्यासका लागि प्रति विद्यार्थी रु.१५००० का दरले हनु आउने रकम एकमुष्ट रुपमा विद्यालयलाई अनुदान दिने व्यवस्था छ । पालिकाले यस वर्ष साधारण माध्यमिक विद्यालय गँगदि सल्भौरीलाई रु.६१५०००।– निकासा दिएकोमा विद्यालयले कार्यविधिमा उल्लेख भए बमोजिमको खर्चको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,१५,००० |

३२.८ **निलम्बित शिक्षकलाई तलब भत्ता भुक्तानी:** शिक्षा नियमावली, २०५९ को नियम १४१(२) मा नैतिक पतन देखिने फौजदारी अभियोगमा गिरफ्तार भई थुनिएको शिक्षक त्यसरी थुनिएको अवधिभर स्वतः निलम्बन भएको मानिने र यसरी निलम्बन हुने शिक्षकले निलम्बन भएको अवधिको तलबभत्ता पाउने छैन भन्ने व्यवस्था छ । जनज्योती माध्यामिक विद्यालयमा अस्थाई राहत शिक्षकको रुपमा कार्यरत रहेका शिक्षक पाटेश्वर यादव शरिर बन्धक बनाई ज्यान मार्ने उद्योग मुद्दामा दाङ जिल्ला अदातलको आदेशले २०७९।५।२१ देखि २०८०।८।७ सम्म पुर्पक्षका लागि थुनामा रहेको र अदालतले सफाई दिएका कारण थुनामुक्त भएको देखिन्छ । विद्यालयले २०७९।४।२५ देखि २०८०।८।७ सम्मको तलबभत्ता, २०७९ र २०८० को चाडपर्व खर्च र २०७९ को पोशाक भत्ता बापतको रु. ६४६३२६ निकासाको लागि माग फाराम भरी पठाएको आधारमा पालिकाले पहिलो चरणमा रु. २५००००। र दोस्रो पटक रु. ३९६३२६ गरी रु. ६४६३२६ भुक्तानी गरेको देखिएकोले फौजदारी अभियोगमा निलम्बनमा रहेको अवधिको तलबभत्ता भुक्तानी गरेको रकम असुल गर्नुपर्ने देखिएको रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,४६,३२६ |

३३ **स्यानिटरी प्याड खरिद, भण्डारण तथा वितरण** (१४२-2082-03-03):

सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको सेनिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। त्यस्तै दफा ५ मा स् प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने र कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं.२.७.१३.२३ मा सामुदायिक विद्यालयका कक्षा ६-१२ मा अध्ययनरत छात्रा विद्यार्थीको सङ्ख्या यकिन गरी मापदण्ड बमोजिम वार्षिक १० महिनाको लागि नि:शुल्क सेनिटरी प्याडको व्यवस्थापन गर्ने र सो को अनुगमन स्थानीय तहले गर्नुपर्ने व्यवस्था छ। पालिकाले सामुदायिक विद्यालयका कक्षा ६ देखि कक्षा १२ का छात्रा विद्यार्थीहरुका लागि १५४७० थान सेनेटरी प्याड सोझै खरिद विधिबाट उत्पादक जस्मिन हाईजिन प्रोडक्टस प्रा लि सँग खरिद गरी प्रति सेनेटरी प्याड रु.८९ (मू.अ.कर सहित) का दरले रु.१५५५८१७ भुक्तानी दिएको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाण खरिद गर्नुपर्नेमा २०८२।०३।०२ मा खरिद तथा दाखिला गरी खरिद गरेको मध्ये केकति वितरण गरी केकति स्टोरमा बाँकीको विवरण पेश नभएकोले विद्यालयलाई रु.१५५५८१७।– को स्यानिटरी प्याड वितरण गरेको भरपाई पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १५,५५,८१७ |

३४ **शैक्षिक गुणस्तर अभिवृद्धि, नियमन एवं पूर्वाधार व्यवस्थापन**

३४.१ **सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर** - कार्यक्रम कार्यान्वयन कार्यविधिमा सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर स्थितिको नियमित रुपमा अनुगमन गरी सोको एक प्रति प्रतिवेदन शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा पठाउने र सोको कार्यान्यिन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने व्यवस्था छ। यस पालिकाले विद्यालयको शैक्षिक गुणस्तर बारे मापदण्ड निर्धारण गरी अनुगमन

गरेको प्रतिवेदन नदेखिएकोले आफ्नो पालिका क्षेत्रभित्रका विद्यालयहरूको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिन मापदण्ड निर्धारण गरी नियमित अनुगमन गर्नुपर्दछ।

३४.२ **निजि विद्यालय व्यवस्थापन** - राष्ट्रिय शिक्षा नीति, २०७६ मा संघीय सरकारले तर्जुमा गरेको मापदण्ड र कार्यविधिका आधारमा निजी लगानीका विद्यालयहरुको स्थानीय सरकारबाट प्रभावकारी नियमन गरी पाठ्यक्रम तथा पाठ्यपुस्तक, शिक्षकको सेवा शर्त तथा सुविधा, शुल्कको सीमाको पालना, आर्थिक कारोबारमा पारदर्शिता र भौतिक पूर्वाधारहरुको स्थिति समेत यकिन गर्न निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ। पालिका भित्र ५ वटा संस्थागत/निजी विद्यालय रहेका छन् । पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन। अतः पालिकाले विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी निजी विद्यालयहरुको अनुगमन गर्नु पर्दछ।

३४.३ **अनुगमन** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को परिच्छेद-३ मा पालिका तथा पालिकाको काम कर्तव्य र अधिकार अन्तर्गत प्रारम्भिक बाल विकास, आधारभूत तथा माध्यमिक शिक्षा अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वियन तथा सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा, अनुशासन कायम गर्ने अनुगमन र नियमन गर्ने सम्बन्धी व्यवस्था गरेको छ। पालिकाले विद्यालयको अनुगमन सम्बन्धी निश्चित मापदण्ड निर्धारण गरी सोही अनुरुप आफु मातहत सञ्चालनमा रहेका बाल विकास केन्द्र, आधारभूत तह र माध्यमिक तहका विद्यालयहरुको प्रभावकारी अनुगमन तथा सुपरिवेक्षण गरी त्यसको प्रतिवेदन व्यवस्थित गरी राखेको देखिएन।

३४.४ **विद्यालयको लेखापरीक्षण** - कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ मा पालिका मातहतका विद्यालयले तोकिएको समयमा लेखापरीक्षण गर्नु गराउनुपर्ने व्यवस्था छ। पालिका अन्तर्गत ३२ सामुदायिक विद्यालयहरु रहेकोमा आ.व. २०८१।८२ को अन्तिम लेखापरीक्षण अवधिसम्म सबै विद्यालयहरूको लेखापरीक्षण गराइ प्रतिवेदन पेश भएको देखिएन। पालिकाबाट अनुदान जाने सम्पूर्ण विद्यालयहरुको समयमै लेखापरीक्षण गराई विद्यालयहरुमा वित्तीय अनुशासन कायम गराउनुपर्दछ।

३४.५ **सार्वजनिकीकरण** - नेपालको संविधानको अनुसूची-८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत रहेको देखिन्छ । अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास शिक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पाँचसय जनासम्म, पाँचसय देखि आठसय जनासम्म र आठसय भन्दाबढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ। शिक्षा नियमावली, २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरीव, अपाङ्ग, महिला,दलित र जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ। पालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वियनको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागि छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिका र सम्वन्धित विद्यालयको वेबसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्नेमा सार्बजनिक गरेको देखिएन ।

३५ **स्वास्थ्य स्वयंसेविका खर्च**

राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रम रणनीति २०६७ पहिलो संशोधन २०७६ अनुसार तराइमा १००० जनसंख्याको लागि एक जना रहने गरी स्वास्थ्य स्वंय सेविका छनोट गर्नुपर्ने र यसबाहेक स्थानीय आवश्यकतामा संख्या थप गर्न सकिने तर थप गरिएको स्वयंसेविकाहरुको आर्थिक भार स्थानीय सरकार आफैँले व्यवस्था गर्नुपर्नेछ। पालिकाको २०७८ को जनगणना अनुसार पालिकाको २५०३७ जनसंख्या रहेको छ। यसअनुसार पालिकामा २६ महिला स्वयंसेविका रहनुपर्नेमा ५२ जना राखेको पाइयो। पालिकाले ६० वर्ष उमेर पुरा भई अवकाश भएका राष्ट्रिय महिला स्वास्थ्य स्वयं सेविकाहरुको ठाउँमा नयाँ थप २ जना महिला स्वास्थ्य स्वयं सेविकाहरु राखेकोमा पालिकाले यस सम्बन्धमा थप स्वास्थ्य स्वयं सेविकाहरु राख्नै पर्ने कुनै आधार बिना नै राखेकोले पालिकाले मापदण्ड भन्दा बढी राखेको स्वास्थ्य स्वयं सेविकाको संख्या घटाउँदै जाने तर्फ ध्यान दिनु पर्दछ।

३६ **औषधी खरिद** (१३७-2082-02-14):

पालिकालाई आवश्यक पर्ने औषधी पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिमाण विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नुपर्दछ। आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं, उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ। आपूर्ति भएका औषधिको म्याद सकिने मिति, भण्डार दाखिला समयदेखि कम्तिमा १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लिखित सबै विवरण खुलाउनुपर्दछ। यस वर्ष पालिकाले संघीय सरकारबाट हस्तान्तरित सशर्त चालु बजेटबाट मास मेडिसेल्स (६१२६१७९२२) सँग रु.९८५११५०।- को औषधी खरिद गरेको देखिन्छ । यस सम्बन्धमा देहायका बेहोराहरु देखिएको छ।

•पालिकाले औषधीको प्रयोग, मौज्दात र म्याद सकेको या सकिन लागेको सो सम्बन्धमा यकिन हुन सकिएन । पालिकाले औषधी खरिद, उपयोग, मौज्दात र औषधीको म्यादको अवस्था यकिन गरी औषधी खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

•औषधीको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा १८ महिना बाँकी हुनुपर्नेमा अधिकांश औषधिको १८ महिना भन्दा पहिला नै म्याद सकिने देखिन्छ । (जस्तै cloxcilline 500 mg tab म्याद सकिने मिति २०८२ पैष सम्म, Frucmide 40 mg म्याद सकिने मिति २०८२ मंसिर सम्म)

•मिति २०८१।१०।२८ मा संघीय सशर्तबाट सोझै खरिद गरेको र गाउँपालिका चालु शीर्षकबाट मिति २०८२।३।१३ मा e-bidding बाट खरिद भएको औषधीको तुलना गर्दा सोझै खरिद गर्दा बढी दरले भुक्तानी गरेको देखिन्छ । खरिद योजना बनाएर प्रतिस्पर्धामक रुपले खरिद गर्नुपर्दछ ।

| औषधीको नाम | कोटेसन बाट खरिदगर्दाको मूल्य | ebidding को मूल्य | फरक | कोटेशनबाट खरिदभएको औषधी परिमाण |
|---|---|---|---|---|
| azithromycin 500 mg | २५ | २० | ५ | ५०० |
| fluconazole 150 mg cap | २० | ०.१० | १९.९ | ३००० |
| hyoscine 10 mg tab | १४.८ | ७ | ७.८ | १०००० |
| cefixime 200 mg tab | १८ | ०.१० | १७.९ | ३००० |

३७ **साधारण नमुना मा.वि., गङ्गदी भवन निर्माण** (37-2082-03-24):

शिक्षा मन्त्रालयको कार्यक्रम कार्यान्वियन कार्यविधि, २०८१।०८२ को क्रियाकलाप नं. ११.१.२.२९८६ मा सम्झौता भएका विद्यालयलाई सम्झौता भएपश्चात ३० प्रतिशत, स्ट्रक्चरल पार्टको कार्यसम्पन्न भएपश्चात ५० प्रतिशत र कार्यसम्पन्न भई कार्यसम्पन्न प्रतिवेदन तयार गरेपछि अन्तिम किस्ता बापत ३० प्रतिशतका दरले गरी तिन किस्तामा रकम उपलब्ध गराउने, स्थानीय तहले निर्माण समय तालिका अनुसार निर्माण कार्य गर्न लगाई विद्यालयले आर्थिक वर्षको ज्येष्ठ मसान्तसम्ममा कार्यसम्पन्न गरी सोको जानकारी स्थानीय तहलाई दिनुपर्ने, विद्यालयले आषाढ मसान्तसम्म कार्य सम्पन्न प्रतिवेदन तयार तथा प्रमाणित गरी स्थानीय तहमा उपलब्ध गराउने, चालु आर्थिक वर्षमा विनियोजित रकम क्रमागत आयोजना अन्तर्गत नरहेकोले चालु आर्थिक वर्षभित्र निर्माण कार्य अनिवार्य रुपमा सम्पन्न गर्नुपर्ने उल्लेख छ। पालिकाले संघीय सरकारको नमुना विद्यालय सुधार गुरुयोजना अनुरुप भौतिक निर्माण अनुदान बापत साधारण नमुना मा.वि., गङ्गदीसँग २०८२ ज्येष्ठ मसान्तसम्म कार्य सम्पन्न गर्ने गरी सम्झौता गरेकोमा २०८१।१२।४ मा प्रथम किस्ता बापत रु.३०००००० तथा २०८२।३।२४ मा अन्तिम किस्ता बापत रु.७०००००० गरी रु. १०००००००० निकासा दिएको देखिन्छ। कार्यविधिले तोके बमोजिम प्रथम किस्ता दिएको भएतापनि काम नै नभई दुई किस्ता बापतको रकम एकै पटक दिएको देखिन्छ। कार्यविधिले अनिवार्य रुपले सम्बन्धित आर्थिक वर्षमा कार्य सम्पन्न गरीसक्ने गरी दिएको रकमको कार्य आषाढ मसान्तसम्म पनि भएको देखिँदैन भने पालिकाले काम नभएकोमा बाँकी रकम संघीय सञ्चित कोष दाखिला गर्नुपर्नेमा आर्थिक वर्षको अन्त्यमा विद्यालयलाई निकासा दिएको देखिन्छ। आर्थिक वर्षको अन्त्यसम्म काम नगरी विद्यालयको खातामा राखेको रकम संघीय सञ्चित कोष दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने देखिएको रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,००,००,००० |

३८ **म्याद थप**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा काबु बाहिरको अवस्था परी खरिद सम्झौता बमोजिमको काम सम्झौता अवधिभित्र पुरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायीले खरिद सम्झौताको म्याद सकिनुभन्दा कम्तिमा २१ दिन अगावै निर्धारित अवधिको कार्य सम्पादन जमानत, बीमा र पेश्की सम्बन्धी जमानत तथा संशोधित कार्यतालिका सहित आवश्यक प्रमाण कागजात संलग्न गरी सम्बन्धित सार्वजनिक निकायमा अवधि थपको लागि निवेदन दिनुपर्ने व्यवस्था छ। पालिकाले विभिन्न कार्यका लागि ठेक्का लागेका ३५ वटा योजनाहरु विभिन्न कारणले समयमा सम्पन्न हुन नसकेको कारण २०८३।२।३० सम्म म्याद थप गर्ने निर्णय गरेको देखिन्छ। सम्बन्धित निर्माण व्यवसायीले खरिद सम्झौताको म्याद सकिनुभन्दा कम्तिमा २१ दिन अगावै निर्धारित अवधिको कार्य सम्पादन जमानत, बीमा र पेश्की सम्बन्धी जमानत तथा संशोधित कार्यतालिका पेश नगरी एकमुष्ट रुपमा म्याद थप गर्ने कार्य मनाशिव देखिएन। खरिद कानुन तथा खरिद सम्झौताको पालना गरी योजना तथा कार्यक्रम व्यवस्थापन गर्नुपर्दछ।

३९ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै पक्षको कर्तव्य हुने उल्लेख छ। पालिकाले निम्न कर्मचारी, निर्माण व्यवसायी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्र्यौट नभई रु.४२३३२२३६ बाँकी रहेको देखिन्छ। सो मध्ये निम्नानुसारको गत विगतको म्याद नाघेको पेश्की रु.३४१६९८७९,चालु आ.व.को म्याद ननाघेको रु.१०९६५२१ र म्याद नाघेको पेश्की रु.७०६५८३६ फस्र्यौट गर्न बाँकी रहेको देखिएकोले उक्त पेश्की नियमानुसार फस्र्यौट गर्नुपर्ने देखिएको रु.

| क.सं | विवरण | पेश्की लिनेको नाम | चालु आ.व.को पेश्की | | गत आ.व. पेश्की | कूल पेश्की |
|---|---|---|---|---|---|---|
| | | | म्याद ननाघेको | म्याद नाघेको | म्याद नाघेको | |
| १ | सार्वजनिक सुनुवाइ कार्यक्रम तथा गोष्ठि कार्यक्रम | सन्तोष भण्डारी | ५००००० | | | ५००००० |
| २ | बिपन्नबर्गका लागि हैण्डपाइप, कुवाँ, स्यालोट्यूववेल तथा मोटर | दुर्गा प्रसाद यादव | ५००००० | | | ५००००० |
| ३ | नेपाल बिद्धुत प्राधिकरण लमही | नेपाल बिद्धुत प्राधिकरण लमही | | ५०६५८३६ | | ५०६५८३६ |
| ४ | लागत साझेदारीमा पशु तथा कृषि विकास कार्यक्रम | हेफर प्रोजेक्ट नेपाल | | २०००००० | | २०००००० |
| ५ | डेंगु लगायतका किटजन्य रोगहरूको नियन्त्रणका लागि सरोकारवालाहरूसंग अभिमुखिकरण गर्नेर हात्तिपाईले रोग बिरूध्दको आम औषधी सेवन (MDA) कार्यक्रम सञ्चालन | कमल बहादुर रोकाया | | | ७१५००० | ७१५००० |
| ६ | मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रम | कमला पुलामी | | | ३५ | ३५ |
| ७ | इकाइ स्वास्थ्य चौकी गुरुङखोला व्यवस्थापन-स्वास्थ्य सेवा | गिरधारी अहिर | | | ५०००० | ५०००० |
| ८ | पशु स्वास्थ्य शिविर तथा घुम्ती क्लिनिक संचालन | दिपककुमार राना | | | ८२ | ८२ |
| ९ | लैङ्गिक समानताका लागि जोडाजोडी तालिम र स्विटर होजियारी तालिम-महिला | महेश थापा ठेडी | | | २२५०३६० | २२५०३६० |
| १० | खेलकूद कार्यक्रम | साधराम यादव | | | १३०००००० | १३०००००० |
| ११ | मोविलाईजेसन पेश्की | शरद कन्स्ट्रक्सन | | | ७०६७६५१ | ७०६७६५१ |
| १२ | मोविलाईजेसन पेश्की | शरद कन्स्ट्रक्सन | ९६५२१ | | | ९६५२१ |
| १३ | वडा नम्बर-३ र ६ को कार्यालयको भवन डी. पी. आर. तथा भवन निर्माण | सुनछहारी कन्स्ट्रक्सन प्रा.लि. कृषि | | | ४२९२००० | ४२९२००० |
| १४ | | नेपाल बिद्धुत प्राधिकरण लमही | | | ७१९३३६१ | ७१९३३६१ |
| १५ | स्थानिय तह तर्फ मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, रक्तसंचार, न्यानो झोला, निशुल्क गर्भपतन र नवजात शिशुको निशुल्क उपचार कार्यक्रम | बेला हेल्थ पोष्ट | | | १६७०० | १६७०० |
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १६ | गर्भवती तथा सुत्केरी महिलाको लागी निःशुल्क एम्बुलेन्स सेवा सञ्चालन | राजपुर हेल्थ पोष्ट | | | १२४००० | १२४००० |
| १७ | विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान | श्री गौरीशङ्कर माध्यमिक विद्‌ध्यालय भैसाही नाका | | | १५००००० | १५००००० |
| १८ | विद्‌ध्यालय कक्षा कोठा निर्माण अनुदान (२ कोठे तथा ४ कोठे भवन) | श्री जनप्रिय आधारभूत विद्‌ध्यालय गोठुवा | | | ७१७८५६ | ७१७८५६ |
| १९ | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत तोकिएका विद्‌ध्यालयहरुमा तोकिएको भौतिक तथा शैक्षिक पूर्वाधार विकासका लागि अनुदान | श्री बालकल्याण माध्यमिक विद्‌ध्यालय खाङ्ग्रा नाका | | | २५००००० | २५००००० |
| २० | विद्‌ध्यालय कक्षा कोठा निर्माण अनुदान (२ कोठे तथा ४ कोठे भवन) | श्री माध्यमिक विद्‌ध्यालय सिक्टा | | | ५४०००० | ५४०००० |
| २१ | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत तोकिएका विद्‌ध्यालयहरुमा तोकिएको भौतिक तथा शैक्षिक पूर्वाधार विकासका लागि अनुदान | श्री युगवोध आधारभूत विद्यालय सुनपत्री नाका | | | ३०३१७४ | ३०३१७४ |
| २२ | विद्‌ध्यालय कक्षा कोठा निर्माण अनुदान (२ कोठे तथा ४ कोठे भवन) | श्री शङ्कर माध्यमिक विद्‌ध्यालय राजपुर-३ खरदरिया | | | ९६२२७० | ९६२२७० |
| २३ | विद्‌ध्यालय कक्षा कोठा निर्माण अनुदान (२ कोठे तथा ४ कोठे भवन) | श्री शिव शक्ति माध्यमिक विद्‌ध्यालय भौवा नाका | | | १०८०००० | १०८०००० |
| २४ | वडा कार्यालय पर्खाल तथा अन्य भौतिक निर्माण उ.स. | उपभोक्ता समिति अध्यक्ष | | | ३०००००० | ३०००००० |
| २५ | मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रम | गिरीराज भट्ट | | | ५००००० | ५००००० |
| २६ | वास कार्यक्रम | शालिकराम भण्डारी | | | ५७३९० | ५७३९० |
| जम्मा | | | १०९६५२१ | ७०६५८३६ | ३४१६९८७९ | ४२३३२२३६ |

| | |
|---|---|
| पेश्की | ७०,६५,८३६ |

४० **साप्टे सिँचाई योजना**

संघीय सरकारको बिशेष अनुदानमा सञ्चालित साप्टे सिँचाई योजनाको निर्माणको लागि रु. ६९१४०६७ कबोल रकममा कुमार कन्स्ट्रक्सनसँग मिति २०८१।१०।१३ मा सम्झौता भएकोमा यस सम्बन्धमा देखिएका बेहोरा यस प्रकार छन्।

४०.१

**खरिद सम्झौता फरफारक** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न गरेको निर्माण कार्य, आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्विकार्दा सोको प्रतिवेदन तयार पार्नुपर्ने व्यवस्था छ। नियम ११७(२) मा निर्माण कार्यको हकमा कम्तिमा ९० प्रतिशत भौतिक प्रगति भएको र आयोजनाको उद्देश्य अनुरुप सो निर्माण कार्य सामान्य प्रयोग वा सञ्चालनमा आएको अवस्था भएमा र सम्बन्धित निर्माण व्यवसायीले अनुरोध गरेमा सार्वजनिक निकायले कार्य स्विकार प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। त्यस्तै नियम ११७(४) मा यस नियममा जुनसुकै कुरा लेखिएको भएतापनि निर्माण गरिएको संरचनाको उद्देश्य अनुरुप सञ्चालन गर्न उपयुक्त छ भन्ने कुरा संरचनाको उपयुक्तताको परीक्षण गरी प्रमाणीत नभएसम्म त्यस्तो कुनै पनि कार्य स्विकार गर्न नहुने व्यवस्था छ। पालिकाले २०८१।३।१९ मा रु.६०६७७९४ को कार्य मूल्याङ्कन गरी कार्य स्विकार गरी अन्तिम बिल बापतको भुक्तानी गरेको देखिन्छ। जस अनुसार सम्झौताको ८७ प्रतिशत काम सम्पन्न भएको देखिन्छ। कम्तिमा ९० प्रतिशत काम सम्पन्न नभई कार्य स्विकार गर्न नहुनेमा काम पूर्ण रुपमा सम्पन्न भएको भनी कार्य स्विकार गरेको देखिन्छ। सम्झौता भन्दा घटी वा बढी कार्य भएको अवस्थामा भेरियसन आदेश जारी गरेर मात्र कार्य स्विकार गर्नुपर्नेमा सो गरेको देखिएन। ठेक्का व्यवस्थापन गर्दा सार्वजनिक खरिद कानुनको पालना गरी गर्नुपर्दछ।

४०.२ (36-2082-01-25):

**बढी भुक्तानी** - पालिकाले अन्तिम भुक्तानी गर्दा गरेको नापीमा cutting, bending & tying of reinforcement including supplying of materials upto 30 m haulage distance आईटम ८८०४ के.जि. मा थप ३ प्रतिशत ल्याप्स बापत २६४ के.जि. थप गरेर रु.१०० का दरले भुक्तानी गरेको देखिन्छ। लागत अनुमान तयार गर्दा यस आईटममा ल्याप्स बापत थप गरेको नदेखिएकोले नापी गर्दाका बखत परिमाण थप गरी भुक्तानी गर्दा रु.२६४०० थप व्ययभार पारेको देखिएकोले यसरी गरेको थप भुक्तानी रकम असुल गर्नुपर्ने देखिएको रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २६,४०० |

४१ **जङ्ग्राहा खाड्ग्रा बाटो स्तरोन्नति**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न गरेको निर्माण कार्य, आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्विकार्दा सोको प्रतिवेदन तयार पार्नुपर्ने, नियम ११७(२) मा निर्माण कार्यको हकमा कम्तिमा ९० प्रतिशत भौतिक प्रगति भएको र आयोजनाको उद्देश्य अनुरुप सो निर्माण कार्य सामान्य प्रयोग वा सञ्चालनमा आएको अवस्था भएमा र सम्बन्धित निर्माण व्यवसायीले अनुरोध गरेमा सार्वजनिक निकायले कार्य स्विकार प्रतिवेदन तयार गर्नुपर्ने, नियम ११७(४) मा यस नियममा जुनसुकै कुरा लेखिएको भएतापनि निर्माण गरिएको संरचनाको उद्देश्य अनुरुप सञ्चालन गर्न उपयुक्त छ भन्ने कुरा संरचनाको उपयुक्तताको परीक्षण गरी प्रमाणीत नभएसम्म त्यस्तो कुनै पनि कार्य स्विकार गर्न नहुने, नियम १२४ मा खरिद सम्झौता बमोजिम सम्पन्न भएको कार्य सार्वजनिक निकायले स्विकार गरेपछि आपूर्तिकर्ता, निर्माण व्यवसायी, सेवा प्रदायक वा परामर्शदातालाई करारका शर्त बमोजिम अन्तिम भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले जङग्राहा खाड्ग्रा बाटो स्तरोन्नतिको लागि रु.१८६६१६८ कबोल गर्ने सि. ब्रदर्श कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. सँग मिति २०८०।११।१५ भित्रमा सक्ने गरी सम्झौता गरेकोमा २०८१।१०।३० सम्म म्याद थप गरेको देखिन्छ। ४९ प्रतिशत कार्य गरेको मूल्याङ्कन गरी २०८२।१।२४ मा कार्य स्विकार गरी अन्तिम बिलको रुपमा रु.९२०२६६ भुक्तानी गरेको देखिन्छ। म्याद थप गर्ने वा सम्झौता बमोजिम पूर्वनिर्धारित क्षतिपूर्ति लगाई सम्झौता बमोजिमको कार्य गर्न लगाउनुपर्नेमा म्याद सकिएको ठेक्कामा आधा काम सम्पन्न भएको अवस्थामा कार्य स्विकार गरी अन्तिम बिल भुक्तानी गर्ने कार्य मनाशिव देखिएन। समयमा काम नगर्ने निर्माण व्यवसायीलाई सम्झौता बमोजिम कारबाही गरी सम्पन्न नभएको कार्यलाई स्विकार गरी भुक्तानी दिने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ।

४२ **वडाध्यक्षबाट खरिद कार्य**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७(१) मा सार्वजनिक खरिद ऐन बमोजिमको कार्यविधि पुरा गरी खरिद सम्बन्धी कार्य गर्ने गराउने जिम्मेवारी सम्बन्धित सार्वजनिक निकायको प्रमुखको हुने, त्यस्तै दफा ७(२) मा सार्वजनिक निकायले उपदफा १ बमोजिम खरिद सम्बन्धी कार्य गर्दा सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गरेको योग्यता भएको र खरिद कार्य सम्बन्धी ज्ञान भएको वा

तालिम प्राप्त कर्मचारीबाट गराउनुपर्ने व्यवस्था छ। त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८२(२) ट मा प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकारमा सार्वजनिक खरिद योजना तयार गरी खरिद सम्बन्धी कार्य गर्ने, गराउने उल्लेख छ। पालिकाका देहायका वडाध्यक्षले लागत अनुमान तयारी नगरी तथा स्पेशिफिकेसन तयार नगरी तिन वटा फर्मबाट दररेट माग गरी मूल्याङ्कन गरी सोझै खरिद विधिबाट देहायका सामाग्री खरिद गरेको र पालिकाले सम्बन्धित फर्मलाई बिल अनुसार भुक्तानी गरेको देखिन्छ । खरिद गरिएका सामाग्री वितरणको लागि सूचना प्रकाशन नगरिएको, वितरणको मापदण्ड नबनाएको तथा खरिद गरिएका सामाग्री स्टोर दाखिला समेत गरेको नदेखिएकोले यसरी गरिएको खरिद तथा वितरण कार्य नियमसम्मत नदेखिएको रु.

| क्र.सं. | कामको विवरण | वडा नं. | सप्लायर्स फर्म | भौ.नं./मिति | रकम रु. |
|---|---|---|---|---|---|
| १ | ३१ थान पम्पसेट खरिद गरी वितरण | ३ | मुक्तिनाथ ट्रेडिङ्ग लि. | १७८।२०८२।३।२३ | ८९९९३० |
| २ | ३५ थान मोटर खरिद गरी वितरण | ३ | रास्री हार्डवेयर | १८०।२०८२।३।२३ | ९९९९५० |
| ३ | ४६० थान झोला खरिद गरी वितरण | ६ | काठमाडौं ब्याग तथा गार्मेण्ट उद्योग प्रा.लि. | १७९।२०८२।३।२३ | ३७५४१२ |
| ४ | ४ थान मोटर | **३** | सम्बन्धित कृषक | २५५।२०८२।३।२५ | १२११९९। |
| ५ | ११ थान खानेपानी नल्का | **३** | सम्बन्धित कृषक | २५६।२०८२।३।२५ | २३९८५७। |
| | **जम्मा** | | | | **२४२०४७६** |

| अनियमित भएको | २४,२०,४७६ |
|---|---|

४३ **प्रमाण पेश नगरेको**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनुपर्ने, नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्विकार्दा कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व, नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। पालिकाले देहायका निर्माण तथा जडान कार्य गराउँदा कार्य स्विकार प्रतिवेदन तथा सामाग्री खरिद गर्दा स्पेसिफिकेशन बमोजिम भए नभएको सम्बन्धमा निरिक्षण तथा परिक्षण नगरी स्विकार गरेको देखिएकोले प्रमाण पेश गर्नुपर्ने देखिएको रु.

| क्र.सं. | कामको विवरण | आपूर्तिकर्ता फर्म | भौ.नं./मिति | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | ग्याबीन जाली | रासी ग्याबीयन सिष्टम प्रा.लि. | १२२। २०८२।३। ११ | ४९२०२० | प्रयोगको प्रमाण पेश गर्नुपर्ने । |
| २ | HDPE पाईप | नेपाल ब्लाकगोल्ड एण्ड एलाईड ईन्डस्ट्रिज प्रा.लि. | १४७। २०८२।३। १९ | ५१३२०० | प्रयोगको प्रमाण पेश गर्नुपर्ने । |
| ३ | गंगढी खोलामा सिँचाईका लागि पाईप खरिद | दियान्सी ट्रेडर्स | १८।२०८१। ११।०१ | ५६९५२० | प्रयोगको प्रमाण पेश गर्नुपर्ने । |
| ४ | HDPE पाईप | नेपाल ब्लाकगोल्ड एण्ड एलाईड ईन्डस्ट्रिज प्रा.लि. | १४३। २०८२।३। १९ | १८०८८८२ | प्रयोगको प्रमाण पेश गर्नुपर्ने । |
| ५ | ग्यावीन जाली तथा ह्युम पाईप | शिवम् पाईप एण्ड पोल उद्योग | २२२। २०८२।३। २५ | ४८६८०४ | प्रयोगको प्रमाण पेश गर्नपर्ने । |
| ६ | वडा नं. २ मा मोटर खरिद | सौर्य मेसिन मार्ट | २३३। २०८२।३। २५ | ४१५००० | प्रयोगको प्रमाण पेश गर्नपर्ने । |
| ७ | सम्पन्न डिप आरिङको लागि मोटर खरिद | थापा प्लम्बिङ्ग तथा सप्लायर्स | २४८। २०८२।३। २५ | ८३०१७० | प्रयोगको प्रमाण पेश गर्नपर्ने । |
| ८ | ३३ थान वाटर पम्प र १९८ मिटर सक्सन पाईप खरिद | सफल ट्रेडर्स | २३।२०८२। ३।२५ | ९९४९३४ | प्रयोगको प्रमाण पेश गर्नपर्ने । |
| जम्मा | | | | ६११०५३० | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६१,१०,५३० |

## ४४ जिन्सी मालसामानको लगत

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५(१) मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै कारणबाट प्राप्त हुन आएको सम्पति वा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी किताबमा सात दिनभित्र लगत अद्यावधिक गर्नु गराउनु पर्ने, त्यस्तै उपनियम ९५(२) मा उपनियम १ बमोजिम लगत तयार गर्ने र लगत बमोजिमको सम्पत्ति तथा जिन्सी मालसामान कार्यालय प्रमुखको रेखदेख भण्डार शाखा प्रमुखले जिम्मा लिनुपर्ने व्यवस्था छ। पालिकाले देहाय बमोजिम खरिद गरेका सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई लगत राखेको नदेखिएकोले लगत राखेको प्रमाण पेश गर्नुपर्ने देखिएको रु.

| क्र.सं. | मालसामानको विवरण | भुक्तानी पाउने | भौ.नं./मिति | रकम रु. |
|---|---|---|---|---|
| १ | ग्याबीन जाली | रासी ग्याबीयन सिष्टम प्रा.लि. | १२२।२०८२।३।११ | ४९२०२० |
| २ | HDPE पाईप | नेपाल ब्लाकगोल्ड एण्ड एलाईड ईन्डस्ट्रिज प्रा.लि. | १४७।२०८२।३।१९ | ५१३२०० |
| ३ | गंगढी खोलामा सिँचाईका लागि पाईप खरिद | दियान्सी ट्रेडर्स | १८।२०८१।११।०१ | ५६९५२० |
| ४ | HDPE पाईप | नेपाल ब्लाकगोल्ड एण्ड एलाईड ईन्डस्ट्रिज प्रा.लि. | १४३।२०८२।३।१९ | १८०८८८२ |
| ५ | ग्याबीन जाली तथा ह्युम पाईप | शिवम् पाईप एण्ड पोल उद्योग | २२२।२०८२।३।२५ | ४८६८०४ |
| ६ | वडा नं. २ मा मोटर खरिद | सौर्य मेसिन मार्ट | २३३।२०८२।३।२५ | ४१५००० |
| | | | | |
| | | | प्रमाण पेश नगरेको | ४२,८५,४२६ |

४५ **सुरक्षित नागरिक आवास**

सुरक्षित नागरिक आवास कार्यान्वयन (पहिलो संशोधन) कार्यविधि, २०७५ को दफा ५(४) मा छनौट भएका लाभग्राहीले सम्बन्धित स्थानीय तहले सिफारीस गरेको बैंङ्कमा खाता खोल्नुपर्नेछ र यसरी खोलिएको खातामा स्थानीय तहले अनुदान सम्झौता भईसकेका लाभग्राहीलाई जस्तापाता, काठ लगायतको निर्माण सामाग्री खरिद गर्न अनुदान बापतको रकम दुई किस्तामा उपलब्ध गराउनुपर्ने, सम्झौता भएपछि पहिलो किस्ता बापत ६० प्रतिशत उपलब्ध गराईने र प्राविधिक प्रतिवेदनसहितको सिफारीसको आधारमा दोस्रो तथा अन्तिम किस्ता बापत बाँकी ४० प्रतिशत अनुदान रकम उपलब्ध गराउनुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष ३२३ जना लाभग्राहीलाई रु.२१२३९४२८ भुक्तानी गरेको देखिन्छ। नेपाल सरकारले गरिबीको रेखामुनी रहेका घरपरिवारलाई टिनको छानामुनी ल्याउने उद्देश्यले यस कार्यक्रमको व्यवस्था गरेको सन्दर्भमा कमजोर आर्थिक अवस्था भएका नागरिकलाई काठ तथा जस्तापाता लगायतका सामाग्री खरिद गरी निर्माण कार्य अघि बढाउन अग्रिम रुपमा पहिलो किस्ता बापत ६० प्रतिशत अनुदान र बाँकी निर्माण सम्पन्न पश्चात दिने गरी कार्यविधि बनाएकोमा पालिकाले निर्माण सम्पन्न भएपछि मूल्याङ्कनका आधारमा एकै पटक भुक्तानी गरेको देखिन्छ। कार्यविधिमा भएको व्यवस्था बमोजिम लाभग्राहीलाई दुई किस्तामा रकम उपलब्ध गराई सहज रुपमा निर्माण कार्य गर्ने व्यवस्था गर्नुपर्दछ।

४६ **साना किसान उद्दमशिलता परियोजना कार्यान्वयन**

कृषि तथा पशु वस्तुको उत्पादनमा वृद्धि गरी रोजगारी प्रवर्द्धन र उद्धमशिलता विकासका लागि कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्दमशिलता साझेदारी परियोजनाका लागि राजपुर गाउँपालिका र हेफर प्रोजेक्ट नेपालबिच २०७९।९।१७ मा सम्झौता भई आर्थिक वर्ष २०८१।०८२ मा रु.१४९५३५७८ भुक्तानी गरेको सम्बन्धमा देखिएका बेहोरा देहाय अनुसार रहेका छन्।

४६.१ **पूर्व स्विकृती** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २५(१) को प्रतिबन्धात्मक व्यवस्थामा कुनै अन्तर्राष्ट्रिय संघ संस्थाले स्थानीय तहसँग समन्वयमा काम गर्दा त्यस्तो कामको लागि नेपाल सरकारको पूर्व स्विकृती लिएको हुनुपर्ने व्यवस्था छ। अमेरिकाको लिटिल रक आर्कानासमा ठेगाना भएको हेफर प्रोजेक्ट ईन्टरनेशनलबिच २०७९।९।१७ मा सम्झौता गरी कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्धमशिलता विकास साझेदारी परियोजना सञ्चालनका लागि सम्झौता भएको देखिन्छ। हेफर प्रोजेक्ट नेपाल अन्तराष्ट्रिय गैरसरकारी संस्था रहेको देखिएकोले नेपाल सरकारको स्विकृती बिना सम्झौता गरी कार्य गरेको देखिएकोले पूर्व स्विकृती बिना गरिएको कार्य नियमसम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | १,४८,९३,२९९ |

४६.२ **गैरसरकारी संस्थाबाट काम** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा सार्वजनिक निकायले कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट परामर्श सेवा खरिद गर्न सक्ने, दफा ४६ मा जनचेतना सम्बन्धी तालिम, अभिमुखिकरण, सबलीकरण, मुल प्रवाहीकरणजस्ता कार्य गैरसरकारी संस्थाबाट गराउँदा छिटो छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा सार्वजनिक निकायले गैरसरकारी संस्थाबाट तोकिए बमोजिमको प्रक्रिया अपनाई त्यस्तो कार्य गराउन वा सेवा प्राप्त गर्न सक्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ मा सार्वजनिक निकायले दश लाख रुपैंयाभन्दा बढी लागत अनुमान भएको काम गराउनको लागि नियम ७० बमोजिम खुला रुपमा आशयपत्र माग गरी परामर्श सेवा खरिदको प्रक्रिया अवलम्बन गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस संस्था मार्फत करोड पचास लाखको कार्य गराएकोमा नियम ७० बमोजिम खुला रुपमा आशयपत्र माग गरेको देखिएन। यसरी गराएको कार्य जनचेतना सम्बन्धी तालिम, अभिमुखिकरण, सबलीकरण, मुल प्रवाहीकरणजस्ता कार्य नभई खरिद गरी वितरण गर्ने प्रकृतिको रहेको देखिन्छ साथै पालिकामा पशु तथा कृषि शाखामा यस्तो कार्य गर्नको लागि पर्याप्त जनशक्ति रहेकोमा अन्य संस्था मार्फत कार्य गराएको देखिन्छ । यसरी खरिद कानुनले तोकेको अवस्था र प्रक्रिया विपरीत कार्य गरेको नियमसम्मत देखिँदैन ।पालिकाको आफ्नै जनशक्तिबाट कार्य सञ्चालन गर्नुपर्दछ।

४६.३ **खरिद कार्य** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३(१)क मा प्रचलित कानुन बमोजिम दर्ता भएको संस्थाले सरकारी कोष प्रयोग गरी खरिद गर्दा सो हदसम्म यस ऐन बमोजिमको कार्यविधि पुरा गरी खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले तिन किस्ता बापत हेफर ईन्टरनेशनललाई रु.१४८९३२९९ भुक्तानी गरेकोमा सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको खरिद विधि तथा प्रक्रिया अवलम्बन गरेको देखिँदैन। यसरी सरकारी रकम खर्च गर्दा सार्वजनिक खरिद ऐनको पालना नगरी गरेको कार्य नियमसम्मत देखिँदैन। खरिद गर्दा खरिद कानुनको प्रक्रिया पालना गर्ने गरी सम्झौता गर्नुपर्दछ ।

४६.४ **पेश्की** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा कार्यालयले मालसामान खरिद गर्न, सेवा उपलब्ध गराउन वा निर्माण सम्बन्धी कामको लागि सरकारी कर्मचारी बाहेक कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनिलाई पेश्की दिँदा प्रचलित कानुन बमोजिम बैंक जमानत लिनुपर्ने व्यवस्था छ। पालिकाले प्रथम किस्ता बापत रु. ५० लाख, दोस्रो किस्ता बापत रु.४९८२४९२, तेस्रो किस्ता बापत रु.२०००००० र चौथो किस्ता बापत रु.२९४५५७८ गरी रु.१४९२८०७० पेश्की भुक्तानी गरेकोमा बैंङ्क जमानत पेश गरेको देखिएन। कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनिलाई पेश्की दिँदा पेश्की रकमको सुरक्षाको लागि कानुन बमोजिम जमानत लिएर मात्र पेश्की उपलब्ध गर्नुपर्दछ।

४७ **विपद व्यवस्थापन खर्च**

पालिकाको सभाबाट विपद व्यवस्थापन शीर्षकमा विनियोजन भएको रकम कार्यापालिकाले निर्णय गरी सडक सरसफाईमा खर्च गरेको सम्बन्धमा देखिएका बेहोरा यस प्रकार छन्।

४७.१ **खरिद विधि** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ मा सार्वजनिक निकायले खरिद गर्नु अघि विवरण तयार गर्नुपर्ने, दफा ५ मा लागत अनुमान तयार गरी स्विकृत गर्नुपर्ने, दफा ८ मा खरिद विधि छनौट गर्नुपर्ने र दफा ९ मा सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा सम्भव भएसम्म खुला रुपमा बोलपत्र आह्वान गरी गर्नुपर्ने र योग्य बोलपत्रदातालाई त्यस्तो खरिद प्रक्रियामा सहभागी हुन बिना भेदभाव समान अवसर प्रदान गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा सार्वजनिक निकायले २० लाख रुपैंयाभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नुपर्दा खुला बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले सडक मर्मतको लागि लागत अनुमान तयार नगरेको तथा खरिद विधि छनौट नगरी कुनै कार्यादेश नदिई निर्माण व्यवसायीले पेश गरेको बिल र वडा कार्यालयको सिफारीस पत्रको आधारमा देहायका निर्माण व्यवसायीलाई भुक्तानी दिएको देखिन्छ। खुला रुपमा बोलपत्रको माध्यमबाट गर्नुपर्ने कार्य खरिद विधि र प्रक्रियाको पालना नगरी गरेको देखिएकोले यस्तो खरिद कार्य नियमसम्मत नदेखिएको रु

| क्र.सं. | निर्माण व्यवसायी | भुक्तानी रकम रु. |
|---|---|---|
| १ | एम.एस.एन.एस. कन्स्ट्रक्सन प्रा.लि. | १४२१२४० |
| २ | टु पिलर्स कन्स्ट्रक्सन प्रा.लि. | १०६०६२७ |
| ३ | भुगोल कन्स्ट्रक्सन प्रा.लि. | १०३९३३८ |
| ४ | यादव बिल्डर्स | ६१५६०० |
| ५ | राजपुर निर्माण कम्पनि प्रा.लि. | १२८४५५२ |
| | **जम्मा** | **५४२१३५६** |

| | |
|---|---|
| अनियमित भएको | ५४,२१,३५६ |

४७.२ (521-2081-12-06):

**प्राविधिक मूल्याकन** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व, नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्विकार्दा कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले विभिन्न वडाका सडक मर्मत तथा सरसफाई गरे बापत ५ वटा निर्माण व्यवसायीलाई कुल रु.५४२१३५६ भुक्तानी गर्दा त्यस्तो कार्य भएको देखिने प्राविधिक मूल्याङ्कनसहितको कार्य सम्पन्न प्रतिवेदन पेश नगरी भुक्तानी गरेको देखिएकोले काम भएको देखिने गरी प्राविधिकले मूल्याङ्कन गरेको प्रतिवेदन पेश गर्नुपर्ने देखिएको रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५४,२१,३५७ |

४७.३ (521-2081-12-06):

**बढी भुक्तानी** - कार्यपालिकाको २०८१।६।१४ गतेको बैठकले पालिकाको प्रचलित दररेटभन्दा बढी नहुने गरी प्राविधिक ईस्टिमेटको आधारमा गाउँपालिकाले ब्याकहोलोडर, स्काभेटर र ट्याक्टरहरु भाडामा लिई कार्य अघि बढाउने निर्णय गरेको देखिन्छ। पालिका अध्यक्षसहितको अनुगमन टोलीले दिएको प्रतिवेदनमा वडा नं.६ को जङग्रहवा खाँग्रा सडक तथा जीतबहादुर सिंजाली मार्गको कल्याणपुरदेखि गौरियानाकासम्मको सडक खण्डमा पहिरो हटाउने, मर्मत तथा सरसफाईको लागि एम.एस.एन.एस. कन्स्ट्रक्सन प्रा.लि.लाई २४०.४ घण्टाको प्रतिघण्टा रु.५६०० का दरले भुक्तानी भएको देखिन्छ। गाउँपालिकाले तयार पारेको २०८१।०८२ को दररेटमा स्काभेटरको प्रतिघण्टा रु.३४९३ भ्याटसहितको हुने उल्लेख छ। पालिकाको दररेट भन्दा प्रतिघण्टा रु. २१०७ का दरले बढी भुक्तानी गरेको देखिएकोले बढी भुक्तानी गरेको रकम भुक्तानी पाउने सम्बन्धित निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने देखिएको रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,०६,५२३ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : राजपुर गाउँपालिका, दाङ , राजपुर गाउँपालिका , दाङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | रेमन्त बहादुर डाँगी | २०८१-६-३ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | भरतमणी पोख्रेल | २०७५-१२-१२ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,२०१,२४९ | २८,१४६,४०५ | २९,४०८,९६८ | ० | ० | ७,०६५,८३६ |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ६५,८२२,४५८ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ६५,८२२,४५८ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | १४८५८०५९९.१५ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २५४६५७००१ | चालु खर्च | ३२१४६००३९.३८ |
| प्रदेश सरकारबाट अनुदान | १५४५०२८८ | पूँजीगत खर्च | १४९२६४९२६ |
| राजश्व बाँडफाँट | १३१२४१२४४.२५ | वित्तीय/अन्य व्यवस्था | १३२१५७१७८.४७ |
| आन्तरिक आय | ६९८८७२४.७२ | | |
| अन्य आय | १२८०२३९४७.०५ | | |
| कुल आय | ५३६३६१२०५.०२ | कुल खर्च | ६०२८८२१४३.८५ |
| बाँकी मौज्दात | | ८२०५९६६०.३२ | |

## अनुसूची - २

## बेरूजु दफा ३.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र.स./आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.व.को कारोबार | | | गत आ.व. को कारोबार | | |
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | १२,७७,१९,५२२.८६ | ०.०० | १२,७७,१९,५२२.८६ | ११,२१,६३,६७७.८१ | ०.०० | ११,२१,६३,६७७.८१ |
| १३००० | अनुदान | | २७,०१,०७,२८९.०० | ०.०० | २७,०१,०७,२८९.०० | २७,८०,९५,५०१.०० | ०.०० | २७,८०,९५,५०१.०० |
| १४००० | अन्य राजस्व | | ९७,४७,६८९.११ | ०.०० | ९७,४७,६८९.११ | ५१,१७,२५२.०९ | ०.०० | ५१,१७,२५२.०९ |
| १५००० | विविध प्राप्ति | | ७,६२,७५७.०० | ०.०० | ७,६२,७५७.०० | ८,४०,८३७.०० | ०.०० | ८,४०,८३७.०० |
| क | कुल जम्मा प्राप्ति | | ४०,८३,३७,२५७.९७ | | ४०,८३,३७,२५७.९७ | ३९,६२,१७,२६७.९० | | ३९,६२,१७,२६७.९० |
| ३ | चालु | | ३२,१४,६०,०३९.३८ | ०.०० | ३२,१४,६०,०३९.३८ | २८,५३,३१,०६२.०० | ०.०० | २८,५३,३१,०६२.०० |
| २१००० | पारिश्रमिक / सुविधा | | ३,७६,५३,२६२.०० | ०.०० | ३,७६,५३,२६२.०० | ३,८३,०१,१४०.०० | ०.०० | ३,८३,०१,१४०.०० |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | २७,५६,९६,९३२.३८ | ०.०० | २७,५६,९६,९३२.३८ | २४,२२,१९,५९४.०० | ०.०० | २४,२२,१९,५९४.०० |
| २५००० | सहायता (Subsidy) | | ८,८१,८००.०० | ०.०० | ८,८१,८००.०० | ५,६५,०४५.०० | ०.०० | ५,६५,०४५.०० |
| २६००० | अनुदान | | १५,२६,७३९.०० | ०.०० | १५,२६,७३९.०० | ६,००,०००.०० | ०.०० | ६,००,०००.०० |
| २७००० | सामाजिक सुरक्षा | | ४९,९४,२१६.०० | ०.०० | ४९,९४,२१६.०० | २७,७३,३४९.०० | ०.०० | २७,७३,३४९.०० |
| २८००० | अन्य खर्च | | ७,०७,०९०.०० | ०.०० | ७,०७,०९०.०० | ८,७१,९३४.०० | ०.०० | ८,७१,९३४.०० |
| ४ | पुँजीगत | | १४,९२,६४,९२६.०० | ०.०० | १४,९२,६४,९२६.०० | १७,२७,२०,५५४.०० | ०.०० | १७,२७,२०,५५४.०० |
| ३१११० | भवन तथा संरचना | | ६,५७,५४,४२३.०० | ०.०० | ६,५७,५४,४२३.०० | ४,०८,९२,५६२.०० | ०.०० | ४,०८,९२,५६२.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | २१,६६,६४३.०० | ०.०० | २१,६६,६४३.०० | ९२,७६,६८४.०० | ०.०० | ९२,७६,६८४.०० |
| ३११३० | अन्य पुँजीगत खर्च | | ३,६८,०८६.०० | ०.०० | ३,६८,०८६.०० | ०.०० | ०.०० | ०.०० |
| ३११५० | सार्वजनिक निर्माण | | ८,००,९१,७७४.०० | ०.०० | ८,००,९१,७७४.०० | ११,७९,१८,२४६.०० | ०.०० | ११,७९,१८,२४६.०० |
| ३११७० | पुँजीगत सुधार खर्च | | ०.०० | ०.०० | ०.०० | ४६,३३,०६२.०० | ०.०० | ४६,३३,०६२.०० |
| ३१४१० | जग्गा प्राप्ति खर्च | | ८,८४,०००.०० | ०.०० | ८,८४,०००.०० | ०.०० | ०.०० | ०.०० |
| ख) | कुल जम्मा भुक्तानी | | ४७,०७,२४,९६५.३८ | | ४७,०७,२४,९६५.३८ | ४५,८०,५१,६१६.०० | | ४५,८०,५१,६१६.०० |
| ग) | बचत /कमी (ग = क-ख ) | | (६,२३,८७,७०७.४१) | | (६,२३,८७,७०७.४१) | (६,१८,३४,३४८.१०) | | (६,१८,३४,३४८.१०) |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट | | (४१,३३,२३१.४२) | | (४१,३३,२३१.४२) | २१,९३,०८८.१५ | | २१,९३,०८८.१५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | (+/-) | | | | | | | |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | १७,२०६.०० | | १७,२०६.०० | | | |
| ङ) | यस आ.व.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | | (६,६५,२०,९३८.८३) | | (६,६५,२०,९३८.८३) | (५,९६,४१,२५९.९५) | | (५,९६,४१,२५९.९५) |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | | १४,८५,८०,५९९.१५ | | १४,८५,८०,५९९.१५ | २०,८२,२१,८५९.१० | | २०,८२,२१,८५९.१० |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | | ८,२०,५९,६६०.३२ | | ८,२०,५९,६६०.३२ | १४,८५,८०,५९९.१५ | | १४,८५,८०,५९९.१५ |

## बेरूजु दफा ४.४ सँग सम्बन्धित विवरण - अनुसूची -४

| क.स. | योजनाको नाम | रकम रु हजारमा |
|---|---|---|
| १ | एम्बुलेन्स खरिद | १००० |
| २ | फोहरा रामजानकी मन्दिर मर्मत | १०० |
| ३ | वडा अन्तर्गतका टोलहरुमा पिउने पानीका लागि इनार तथा ट्यूववेल धारा निर्माण | २०० |
| ४ | तब्दारपुर स्यालो ट्यूववेल निर्माण | १११ |
| ५ | तल्लो सुकैया जाने बाटोमा कल्भर्ट निर्माण | ३०० |
| ६ | राजपुर आमा समूह भवन घेरबार | २०० |
| ७ | कोरियाखोला तटवन्धन निर्माण | ५०० |
| ८ | कल्याणपुरनाका बिओपी भान्साघर निर्माण | ५० |
| जम्मा | | २४६१ |

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ। पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ। अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ। यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ। लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ।मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ। तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग-अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ।
- पालिकामा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।

- यस वर्षको आन्तरिक लेखापरीक्षण गराएको छैन। कानुन बमोजिम समयमा आन्तरिक लेखापरीक्षण गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनुपर्दछ।